# प्रभाव दैनिक
National Daily



**डेंगीका लक्षणहरू:**

एक्कासी ज्वरो आउनु, ५-७ दिनसम्म ज्वरो रहनु, बेस्सरी टाउको दुख्नु, आँखाको गेडी दुख्नु, हाडजोर्नी, मांशपेसी र ढाड दुख्नु, शरीरमा विविरा आउनु, रिंगटा लाग्नु, वाक्वाकी लाग्नु, बान्ता हुनु,

यस्ता लक्षणहरु देखिएमा तत्काल स्वास्थ्यकर्मीसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष ११ | अंक १५३ | काठमाडौं | आइतबार, ०६ असोज २०८१ | Prabhab National Daily | Sunday, September 22, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




इन्द्रजात्राको अन्तिम दिन शनिवार काठमाडौंको हनुमानढोका दरबार क्षेत्रमा रथ तान्दै महिलाहरू । *तस्विरः चन्द्रकला क्षेत्री/रासस*

# सहमतिमा रविविरूद्ध नरम प्रतिवेदन !

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सहकारीको बचत रकम अपचलनसम्बन्धी छानबिन गर्न गठित संसदीय छानबिन विशेष समितिको प्रतिवेदन 'मिलिभगत'मा तयार भएको देखिएको छ । तथ्य, तथ्यांक र प्रमाणका आधारमा तयार गरिएको बताइए पनि समिति सभापति सूर्यबहादुर थापा स्वयंले दलीय सहमतिका आधारमा प्रतिवेदन तयार पारेको खुलासा गरेका हुन् ।

एक टेलिभिजन अन्तर्वार्तामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट समिति सदस्य रहेका सांसद शिशिर खनालले प्रतिवेदनमा अन्तिम समयसम्म पनि हस्ताक्षर गर्न नमानेको प्रसंगमा थापाले भनेका छन्, 'यदि उहाँ (शिशिर)ले 'नोट अफ डिसेन्ट' लेखेको भए वा हस्ताक्षर नगर्नुभएको भए अझ बढी तथ्य र तथ्यांकसहित रविजीले कडा प्रतिवेदनको सामना गर्नुपर्थ्यो । प्रतिवेदनमा कयौं कम्प्रोमाइज भएको छ, सहमतिको निम्ति ।'



> प्रतिवेदन सहमतिको भाषा हो । सहमतिको भाषा केही कम्प्रोमाइजिङ हुन्छ । कतिपय कुरामा मौन...।
>
> ■ **सूर्य थापा**
> **सभापति, संसदीय छानबिन विशेष समिति**

पहिलो त थापाले प्रतिवेदनलाई सहमतिको दस्तावेजको रूपमा अर्थ्याए । सहमति भनेकै आपसमा लेनादेना हो । बचतकर्ताको अर्बौं बचत रकम अपचलन भएकोबारे सत्यतथ्य छानबिनको अख्तियारी प्राप्त समितिले जे तथ्यहरू फेला परे, त्यस आधारमा जस्ताको तस्तै प्रतिवेदन लेख्ने काम नगरेको यसबाट प्रस्टिन्छ ।

अर्कोतिर, यदि रास्वपा सांसद खनालले 'नोट अफ डिसेन्ट' लेखेर असहमति प्रकट गरेको भए अझ बढी तथ्य र तथ्यांकसहितको कडा प्रतिवेदन आउँथ्यो भन्नुले समितिले सहकारीको बचत अपचलनमा संलग्न देखिएका नेतालाई उन्मुक्ति दिन कमजोर प्रतिवेदन तयार गरेको अर्थ लाग्छ । जबकि, समितिको कार्यादेश भनेको सत्य तथ्य छानबिन गरेर प्रतिवेदन तयार गरी सरकारलाई आवश्यक सुझाव र सिफारिस दिनुपर्ने थियो ।

त्यसविपरीत समितिले जोगाउनेगरी प्रतिवेदन तयार गरेको थापाको भनाइले पुष्टि गर्छ । उनले कतिपय तथ्यमा समिति मौन बसेको नै भनेका छन् । 'प्रतिवेदन सहमतिको भाषा हो । सहमतिको भाषा केही कम्प्रोमाइजिङ हुन्छ । कतिपय कुरामा मौन...,' अन्तर्वार्ताको क्रममा थापाले भनेका छन् ।

उनले रास्वपा सांसद खनालले प्रतिवेदनमा हस्ताक्षर नगरेको भए त्यसै प्रतिवेदन अगाडि बढाइने योजना रहेको पनि सुनाए । उनका अनुसार सांसद खनाल प्रतिवेदनमा 'कारबाही' शब्दको सट्टा 'अनुसन्धान' भन्ने शब्द लेखाउन चाहन्थे । तर, अन्य सदस्यहरूले नमानेको र त्यसले तरंग सिर्जना गरेकोसमेत थापाले बताए ।

(क्रमशः पृष्ठ २ मा)

बहसमा संविधान संशोधन

# तेस्रो संशोधनमा दलहरूका आ–आफ्नै एजेण्डा

■ **जेबी योञ्जन**

**काठमाडौं–** संविधान कार्यान्वयनको १०औं वर्षमा प्रवेश हुँदा तेस्रोपटक संशोधनको एजेण्डा उठान भएको छ । संविधानमाथि वस्तुनिष्ठ समीक्षाविनै सत्ता गठबन्धनका प्रमुख दलहरू नेपाली कांग्रेस र नेकपा एमालेले राजनीतिक स्थायित्वका लागि भन्दै निर्वाचन प्रणालीमा संशोधन गर्न चाहेका छन् ।

संशोधन गर्दा संसद्को दुवै सदन प्रतिनिधिसभा र राष्ट्रियसभामा दुईतिहाइ बहुमत आवश्यक हुन्छ । हालको सत्ता गठबन्धनसँग प्रतिनिधिसभामा दुईतिहाइ नजिकको बहुमत छ । राष्ट्रियसभामा भने छैन । त्यही भएर बुधबार सत्ता गठबन्धनले सार्वजनिक गरेको साझा संकल्प र नीतिगत प्रतिबद्धतामा संविधानको संशोधन गर्नु पहिले सरोकारवाला पक्षहरूसँग बृहत् छलफल गरिने उल्लेख छ । तर, कहिले छलफल भन्ने टुंगो छैन ।

संघीय संसद्को पहिलो दल कांग्रेस र दोस्रो दल एमालेले संविधान संशोधनबारे साझा धारणा बनाएका छन् । दुवै दल निर्वाचन प्रणालीमा रहेको 'थ्रेस होल्ड' बढाउने पक्षमा छन् । यसलाई एमाले उपमहासचिव प्रदीप ज्ञवालीले राजनीतिक स्थिरताको उत्तम विकल्पको रूपमा अर्थ्याए ।

'अहिले जसरी शक्तिशाली सरकार बन्यो । यसअघि सरकार बनाउने र गिराउने फोहोरी खेल कति भए ? राजनीति पूरै अस्थिर भयो । सरकार अस्थिर भयो,' उनले प्रभावसँग भने, 'अस्थिरताको कारक जे रह्यो, त्यसमा सुधारको खाँचो छ । त्यसका लागि थ्रेस होल्ड बढाउने कि भन्ने छ ।'

संविधानको तेस्रो संशोधनबारे बहसको क्रममा कांग्रेस र एमालेले थ्रेस होल्डसँगै समानुपातिक निर्वाचन प्रणाली प्रतिनिधिसभाबाट हटाउने प्रस्ताव अघि बढाउने भएका छन् । प्रतिनिधिसभा र प्रदेशसभालाई प्रत्यक्ष निर्वाचित सांसदहरूको सदन बनाउने जनाएका छन् । समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता राष्ट्रियसभामा मात्रै कायम राख्ने पनि दुई दलको मत छ । प्रतिनिधिसभा सदस्यको संख्या घटाउन पनि दुई दल चाहन्छन् ।

(क्रमशः पृष्ठ २ मा)

**कांग्रेस-एमाले**
निर्वाचनमा 'थ्रेस होल्ड' बढाउने, प्रतिनिधिसभा र प्रदेशसभाबाट समानुपातिक निर्वाचन प्रणाली हटाउने

**माओवादी केन्द्र**
प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली, पूर्णसमानुपातिक निर्वाचन प्रणाली, विज्ञताका आधारमा राष्ट्रपतिले संसद्बाहिरबाट मन्त्री बनाउन पाउने, स्थानीय तहको संख्या र राष्ट्रियसभा सदस्य संख्या घटाउने

**राप्रपा**
संघीयता र गणतन्त्र खारेज गरी राजासहितको संवैधानिक राजसंस्था पुनःस्थापना, सनातन धर्मसापेक्ष हिन्दूराष्ट्र कायम, प्रतिनिधिसभा ११५ सदस्यीय बनाउने

**जनमत पार्टी**
पूर्णअधिकार सम्पन्न स्वायत्त प्रदेश, प्रदेशको पुनःसीमांकन, भाषिक र जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री र मुख्यमन्त्री

**जसपा नेपाल**
सबै मातृभाषालाई सरकारी कामकाजी भाषाको मान्यता, जनसंख्याको आधारमा निर्वाचत क्षेत्र निर्धारण, पूर्णसमानुपातिक निर्वाचन प्रणाली, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति

**लोसपा**
पूर्णसमानुपातिक निर्वाचन प्रणाली कायम, नागरिकतासम्बन्धी प्रावधानमा संशोधन

**नागरिक उन्मुक्ति**
प्रत्यक्ष निर्वाचित राष्ट्रपति, पूर्णसमानुपातिक निर्वाचन प्रणाली, आरक्षित र संरक्षित क्षेत्र तोक्नुपर्ने, थ्रेस होल्ड हटाउने

**सन्दर्भः वैदेशिक रोजगार**

# सेवाग्राहीको गुनासो सुन्न विभागमा तोकियो 'फोकल पर्सन'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार विभागले सेवाग्राहीको सहजीकरणका लागि गुनासो सुनुवाइसम्बन्धी 'फोकल पर्सन' को व्यवस्था गरेको छ । विभागले विभिन्न बहानामा बिचौलिया र अनाधिकृत व्यक्तिहरूबाट सहजीकरणका नाममा सेवाग्राहीहरूसँग तोकिएकोभन्दा बढी शुल्क लिने गरेको र ठगिएको गुनासो आएको भन्दै त्यसको निराकरण गर्न फोकल पर्सनको व्यवस्था गरेको उल्लेख गरेको छ ।

नियमानुसार पेस हुन आएका सम्पादन गर्ने कार्यहरू तथा कार्यालयबाट प्रदान गरिने श्रम स्वीकृतिलगायतका कार्यहरूका लागि कुनै सहजीकरणको आवश्यकता नपर्ने विभागले प्रस्ट पारेको छ । विभाग तथा यसअन्तर्गतका कार्यालयको कार्य समयमा नभएमा वा कार्य प्रक्रिया सम्बन्धमा कुनै द्विविधा भएमा इजाजतपत्रवाला कम्पनी (म्यानपावर)का प्रमुख तथा सेवाग्राहीले सीधै फोकल पर्सनलाई सम्पर्क गरी कार्यसम्पादन गराउन पनि विभागले आग्रह गरेको छ ।

विभागले संस्था तथा प्रशासनसम्बन्धी कार्यका लागि गुरुदत्त सुवेदी, राहत उद्धार तथा अनुगमनसम्बन्धी कार्यका लागि लोकनाथ भुषाल, अनुसन्धान तथा




मुद्दासम्बन्धी कार्यका लागि गोविन्द हुमागाई र सरकारी माध्यामबाट इजरायल तथा जापानसम्बन्धी कार्यका लागि गिरिराज ज्ञवालीलाई फोकल पर्सन तोकेको छ । उनीहरू चारै जना विभागका निर्देशक हुन् ।

यसबाहेक विभागले सातै प्रदेशमा रहेका श्रम तथा रोजगार कार्यालयहरूका लागि पनि फोकल पर्सन तोकेको छ । उल्लिखित फोकल पर्सनबाट सेवाग्राहीका गुनासो सुनुवाइ तथा कार्यसम्पादन नभए विभागका महानिर्देशक वा सम्बन्धित श्रम तथा रोजगार कार्यालयका प्रमुखलाई अवगत गराउन पनि विभागले आग्रह गरेको छ । साथै, विभाग तथा श्रम कार्यालयहरूमा सहायता कक्षमार्फत सहजीकरणको व्यवस्था मिलाइएको विभागले उल्लेख गरेको छ ।

श्रम स्वीकृतिलगायत वैदेशिक रोजगारसम्बन्धी कार्यहरू अनलाइनमार्फत हुने भएकाले विभिन्न श्रम प्रतिनिधि, बिचौलिया तथा साइबरले सहजीकरणका नाममा तोकिएको शुल्कभन्दा बढी पैसा असुली गर्ने गरेको पाइएको भन्दै विभागले रसिद वा भौचरबमोजिमको रकमबाहेक थप शुल्क नदिन पनि सचेत गराएको छ । कार्यसम्पादन तथा सेवा प्रवाहमा भइरहेको कठिनाइ र प्राप्त गुनासाहरूको सम्बोधन गरी वैदेशिक रोजगारसम्बन्धी कार्यलाई सहजीकरण गर्ने उद्देश्यले फोकल पर्सन तोकिएको विभागका महानिर्देशक सूर्यबहादुर खत्रीले बताए । उनका अनुसार वैदेशिक रोजगारसम्बन्धी कुनै समस्या आए वा कार्यसम्पादनमा ढिलाइ भए सहजीकरणका लागि तत्कालै फोकल पर्सनलाई सम्पर्क गर्न सकिन्छ । यसका लागि फोकल पर्सनको नाम र सम्पर्क नम्बरसमेत विभागको वेवसाइटमा राखिएको महानिर्देशक खत्रीले जानकारी दिए ।

# सीप परीक्षणमा आठ हजारभन्दा बढी सफल

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले उत्पादनमूलकतर्फको दोस्रो चरणको कोरियन भाषा उत्तीर्ण गरी स्किल (सीप) र कम्पिटेन्सी टेस्ट (प्रतिस्पर्धी क्षमता परीक्षण) मा सफल भएकाहरूको सूची सार्वजनिक गरेको छ । उक्त परीक्षामा आठ हजार १५१ जना परीक्षार्थी सफल भएका इपएिस शाखाले जनाएको छ ।

गत भदौ १८ देखि २४ गतेसम्म सञ्चालन भएको स्किल तथा कम्पिटेन्सी टेस्टमा आठ हजार ९३२ जना सहभागी भएका थिए । शाखाले सीप परीक्षणमा उत्तीर्ण भएका सबैको नामावली वेबसाइटमा सार्वजनिक गरेको छ । कोरियाको मानव संशासन विभाग (एचआरडी)ले असोज ३ गते सीप परीक्षा उत्तीर्ण भएकाहरूको सूची दिएपछि नतिजा सार्वजनिक गरिएको इपिएस शाखाले जनाएको छ । सीप परीक्षणमा सफल भएकाहरूको नामावली कोरिया जाने रोस्टरमा सूचीकृत गर्नुअघि सबैको स्वास्थ्य परीक्षण हुने बताइएको छ । स्वास्थ्य परीक्षणलगायत अन्य विषयको जानकारी अर्को सूचनामार्फत जानकारी दिइने शाखाले उल्लेख गरेको छ ।

रोजगारीको आकर्षक गन्तव्य दक्षिण कोरियामा जिटुजी सम्झौताअनुसार इपिएस प्रणालीमार्फत नेपाली कामदार पठाउने व्यवस्था छ । त्यसका लागि भाषा परीक्षा अनिवार्य उत्तीर्ण भएको हुनुपर्ने छ । भाषा परीक्षापछि लिइने सीप परीक्षणमा उत्तीर्ण भएकालाई मात्र रोजगारीमा लैजाने सूचीमा राखी प्रक्रिया अगाडि बढाउने गरिएको शाखाले जनाएको छ ।




## पृष्ठ १ बाट क्रमशः

### तेस्रो संशोधनमा...

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र कांग्रेस-एमालेले गर्ने भनेको संविधान संशोधनको सम्भावित प्रस्तावबारे सशंकित छ । उक्त दलका सचिव लिलामणि पोखरेलका अनुसार कांग्रेस-एमालेको संशोधन प्रस्ताव 'प्यान्डोरा बक्स'जस्तो छ । उक्त बक्स नखोलुञ्जेलसम्म के-के मा संविधान संशोधन गर्ने भन्ने टुंगोमा पुग्न आवश्यक नभएको बताउँछन् । यदि संघीय लोकतान्त्रिक गणतन्त्रको आधारभूत पक्षलाई नचलाई संशोधन गर्ने भए पाँच सवालमा संशोधन आवश्यक रहेको बताए । उनका अनुसार ती सवाल हुन्, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली, पूर्णसमानुपातिक निर्वाचन प्रणाली, विज्ञताका आधारमा राष्ट्रपतिले संसद्बाहिरबाट मन्त्री बनाउन पाउने, स्थानीय तहको संख्या र राष्ट्रियसभा सदस्य संख्या घटाउने । यी सवालमा संविधानको संशोधन अनिवार्य रहेको सचिव पोखरेलले बताए ।

संसद्को चौथो शक्ति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रदेशसभा खारेज गरी विकल्पमा प्रदेश परिषद् गठन गर्नेगरी संविधान संशोधन गर्नुपर्ने पक्षमा छ । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री र मुख्यमन्त्री हुनुपर्ने अर्को एजेण्डा रास्वपाको छ । माओवादीको जस्तै प्रतिनिधिसभा सदस्य र स्थानीय तहको संख्या घटाउने रास्वपाको प्रस्ताव छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का महामन्त्री डा. धवलशमशेर जबराका अनुसार संविधानको संशोधन गर्दा संघीयता र गणतन्त्र खारेज गर्दै राजासहितको संवैधानिक राजसंस्था पुनःस्थापना हुनुपर्ने प्रस्ताव अघि बढाइने छ । सनातन धर्मसापेक्ष हिन्दूराष्ट्र कायम गर्ने अर्को प्रस्ताव हुने छ । प्रतिनिधिसभा ११५ सदस्यीय बनाउने कित्तामा पनि राप्रपा उभिएको छ ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका नेकपा एकीकृत समाजवादी पार्टीका सम्मानित नेता झलनाथ खनालले भने पार्टीले संशोधनबारे केही धारणा नबनाएको बताए । तर, संशोधन कांग्रेस र एमालेको चाहनाअनुसार हुने भए संशोधन प्रक्रियामा आफ्नो पार्टी सहभागी नहुने उनले बताए ।

'संविधान संशोधन के-के मा गर्नुपर्छ ? त्यसबारे विज्ञहरूको रायका आधारमा हुने संशोधन भए त्यसमा विचार गर्न सकिएला तर यहाँ त कांग्रेस-एमालेले उनीहरूको स्वार्थानुकूल संशोधन चाहेका छन्, जुन स्वीकार्य हुँदैन,' खनालले भने ।

जनमत पार्टी पूर्णअधिकार सम्पन्न स्वायत्त प्रदेश, प्रदेशको सीमांकन सच्याउनुपर्ने, भाषिक र जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने र प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री र मुख्यमन्त्री हुने प्रस्ताव अघि सार्ने भएको छ । सामाजिक लोकतन्त्र कायम गर्नुपर्ने प्रस्ताव पनि अघि बढाउन चाहेको जनाएको छ ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रवक्ता मनिष सुमनका अनुसार संविधानमा संशोधन गर्ने भए नेपालमा बोलिने सबै मातृभाषालाई सरकारी कामकाजी भाषाको मान्यता दिनुपर्ने प्रस्ताव सर्वपक्षीय भेलामा अघि बढाइने छ । नागरिकतासम्बन्धी कानुनी प्रावधान संशोधन गर्नुपर्ने अर्को प्रस्ताव पनि हुने छ । जनसंख्याको आधारमा निर्वाचत क्षेत्र निर्धारण, पूर्णसमानुपातिक निर्वाचन प्रणाली र प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली जसपा नेपालको प्रस्ताव हुने पनि सुमनले बताए ।

महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले संसदीय (प्रधानमन्त्री) प्रणाली, पूर्णसमानुपातिक निर्वाचन प्रणाली र नागरिकतासम्बन्धी प्रावधानमा संशोधनको प्रस्ताव राख्ने भएको छ । नागरिक उन्मुक्ति पार्टी (नाउपा)ले प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणाली, पूर्णसमानुपातिक निर्वाचन प्रणाली, आरक्षित र संरक्षित क्षेत्र तोक्नुपर्ने र थ्रेस होल्ड हटाउनुपर्ने एजेन्डालाई प्रस्तावको रूपमा प्रस्तुत गरिने जनाएको छ ।

वर्तमान संविधान यसअघि दुईपटक संशोधन भइसकेको छ । संविधानमा पहिलो संशोधन ११ फागुन २०७२ मा भएको थियो । त्यसबेला निर्वाचन क्षेत्र निर्धारण र समावेशितासम्बन्धी केही प्रावधानमा संशोधन भएको थियो । त्यसको पाँच वर्षपछि संविधानमा नेपालको राजनीतिक नक्सा र प्रतीक चिह्नमा भारतसँगको विवादित भूमि लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्र समेट्न दोस्रो संशोधन भयो ।

तर, संविधानको तेस्रो संशोधनमा के-के गर्ने ? प्रमुख सत्ता घटक कांग्रेस-एमालेले बृहत् छलफलका लागि संशोधन गर्नुपर्ने विषयलाई औपचारिकरूपमा अघि सारेका छैनन् । यद्यपि, संशोधनबारेको बहस पनि भइरहेको छ । यहीबेला एमालेको नीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठानले 'संविधान कार्यान्वयनको १० वर्ष : अनुभव, चुनौती र अबको बाटो'बारे अन्तरक्रिया गत मंगलबार नै गरिसकेको छ ।

सत्ताघटक अर्को दल लोसपाले नेता लक्ष्मणलाल कर्ण संयोजक रहेको तीन सदस्यीय संविधान पुनरवलोकन गर्न सुझाव समिति गठन गरेको छ । सत्ता घटकमध्येकै अर्को दल जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सिके) राउतले पाँचबुँदे सुझाव संविधान संशोधनमा अघि सारेका छन् ।

गत जेठको पहिलो साता कानुन व्यवसायीहरूको संगठन नेपाल बार एसोसिएसनले संविधान संशोधनमा आवश्यक हुने आठ बुँदा अघि सारेको थियो । यसपछि १७ असारमा कांग्रेस-एमालेबीच सत्ता सहकार्यका लागि भएको समझदारीको एउटा बुँदा संविधान संशोधनसँग सम्बन्धित छ । हालै सार्वजनिक गठबन्धन दलको साझा संकल्प र नीतिगत प्रतिबद्धतामा पनि यो एजेण्डाले ठाउँ पायो । यसरी राजनीतिक दलहरू र कानुनसम्बद्ध निकायबाट संविधानको तेस्रो संशोधनबारे तयारी प्रारम्भ भएको छ ।

•••

### सहमतिमा रविविरूद्ध...

त्यसपछि सांसद शिशिरले सभापतिसमेत रहेका आरोपी लामिछानेसँग फोनमा कुराकानी गरेको पनि खुलासा गरे । 'उहाँले पार्टीको नेतृत्वसँग कुरा गर्नुभयो तर फोन लागेन भनेर मेरो कार्यकक्षमा बस्नुभयो । पछि माननीय लेखनाथ दाहाल पनि कार्यकक्षमा गएर कुरा गर्नुभयो, उहाँले हस्ताक्षर नगरे अझ कडा प्रतिवेदन आउँछ भन्नुभयो क्यारा,' थापाले भने ।

थापाका अनुसार लामिछाने गोरखा मिडिया नेटवर्कमा विभिन्न सहकारीबाट मिडियाका अध्यक्ष गितेन्द्रबाबु (जिबी) राईले ल्याएको बचत अपचलनमा जिम्मेवार देखिएका छन् । उनले चेक काटेको पाइएको थापाको भनाइ छ । तर, उनको नाममा ऋणपत्र, निवेदन, हस्ताक्षर, भौतिक उपस्थिति र उनको बैंक खातामा पैसा भने आएको नपाइएको बताए । व्यक्तिगतरूपमा सहकारीको रकम अपचलनमा रविको संलग्नबारे प्रमाण नभेटिएको उनले बताए । तर, गोरखा मिडिया नेटवर्कमा अवैधानिकरूपमा सहकारीबाट आएको पैसा खर्चमा लामिछाने जिम्मेवार देखिएको र सोही आधारमा कारबाही सिफारिस गरिएको उनको प्रस्टोक्ति छ ।

बुटवलको सुप्रिम सहकारीबाट लामिछानेको नाममा ऋण लिएको र ठेगाना बुटवल-११ उल्लेख रहेको पाइएको जानकारी दिए । अपचलनको सन्दर्भमा कारबाही गर्ने शब्द राख्ने विषयमा रास्वपा सांसद रहेका समिति सदस्य खनालको सुरुमा असहमति रहेको थापाले खुलाएका हुन् । त्यही क्रममा कयौं प्रमाण र तथ्यलाई सहमतिको नाममा लुकाएर प्रतिवेदन तयार पारेको अर्थमा अभिव्यक्ति थापाले दिए ।

समितिको प्रतिवेदन राजनीतिक सहमतिमा तयार भएको पुष्टि हुने अर्को आधार हो, प्रतिवेदनप्रति सबै दलको स्वीकार्यता हुनु । कुनै पनि दलले प्रतिवेदनमाथि विरोध वा असहमति जनाएका छैनन् । अझ लामिछाने नेतृत्वको रास्वपा र उक्त दलका नेताहरूले आफ्नो सभापतिले 'क्लिन चिट' पाएको भन्दै खुसियाली मनाइरहेका छन् । लामिछाने स्वयं पनि आफूले सफाइ पाएको दाबी गरिरहेका छन् । अर्कोतर्फ कांग्रेस नेताहरू भने लामिछानेलाई दोषी ठहर गरेको भन्दै प्रतिवेदनको प्रशंसा गरिरहेका छन् । यसरी आ-आफ्नो तरिकाले व्याख्या गर्दै प्रतिवेदन स्वीकार गर्नुले दलीय सहमतिमा बनेको प्रस्ट हुन्छ ।

# 'बागमतीको सफाइ मुहानबाटै गरिनुपर्छ'



**काठमाडौं–** बागमती नदीको मुहानस्थलमै फोहोर बढ्न थालेकाले तलमात्र सफाइ गरेर काठमाडौं उपत्यकाका नदी सफा नहुने सरोकारवालाले बताएका छन् । बागमती सफाइ महाअभियानको ५९३औं हप्ताका अवसरमा शनिबार सुन्दरीजलमा आयोजित नदी सफाइ एवं सम्वाद कार्यक्रमका वक्ताले सो विषयमा ध्यानाकर्षण गराएका हुन् ।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं वातावरण तथा जलवायु परिवर्तन विभाग प्रमुख कल्याणकुमार गुरुङले संविधानको धारा ३० ले स्वच्छ वातावरणमा बाँच्न पाउने हक दिएकाले यसको कार्यान्वयनका लागि सफाइ स्रोतमै गरिनुपर्ने बताए ।

बागमतीको मुहानदेखि नै सफाइका लागि पार्टीले कार्यक्रम बनाउने जानकारी पनि उनले गराए । पानीको बोत्तल खोलेर आउने प्लास्टिकलगायत फोहोरको व्यवस्थापन सम्बन्धित व्यक्तिले नै गर्नुपर्ने उनको भनाइ थियो। वातावरण र जलवायु परिवर्तन मानिसको भविष्यसँग जोडिएको विषय भएकाले काम पनि त्यसैअनुसार हुनुपर्ने उनको भनाइ थियो । कार्यक्रममा सांसद निशा डाँगीले बागमतीलाई पहिलेकै अवस्थामा लैजानेगरी सफाइ अभियान चलाइनुपर्ने बताइन् । बोलेरमात्र काम नहुने भएकाले काम गरेरै देखाउनुपर्नेमा उनले जोड दिइन् ।

नेपाल नदी संरक्षण संस्थाका अध्यक्ष मेघ आलेले बागमती सफाइका लागि २४ वर्षअघिदेखि नदी महोत्सवलगायत जनचेतनाका काम गर्दै आएको जानकारी दिए । फोहोरलाई स्रोतमै व्यवस्थापन, ढल नमिसाउने, पानीको बहाव बढाउने, कानुन कार्यान्वयन गर्नेगरी व्यवस्था मिलाउनुपर्ने उनको भनाइ थियो । बिपी संग्रहालय समितिका अध्यक्ष परशुराम पोखरेलले बागमती बागद्वारदेखि नै फोहोर भएकाले मुहानदेखि नै सफाइ अभियान चलाउनुपर्ने बताए । असार १ गते बागद्वार क्षेत्रमा सफाइ गरी तीन बोरा फोहोर संकलन गरिएको पनि उनले सुनाए । बागद्वारदेखि नै बागमती सफाइ गर्ने गरी आगामी कार्यक्रम अघि बढाइनुपर्नेमा पोखरेलको जोड थियो ।

अन्तर्राष्ट्रिय जल व्यवस्थापन इस्न्टिच्युट नेपालका राष्ट्रिय प्रतिनिधि डा. मनोहरा खड्काले संस्थाले भविष्यका लागि जल सुरक्षा विषयमा ४० वर्षदेखि काम गर्दै आएको बताए । भविष्यका लागि जल सुरक्षा विषयमा नेपालमा पनि विभिन्न कार्यक्रम आयोजना गरिएको उनले सुनाए । पानी नहुँदा संस्कारमा पनि प्रभाव पर्ने भएकाले पनि नदीको संरक्षण गरिनुपर्ने खड्को भनाइ थियो ।

बागमती सफाइ महाअभियानका अभियानकर्मी किशोरसिंह शाहीले पशुपति क्षेत्रको बागमतीमा धेरै फोहोर निस्कने गरेको उल्लेख गर्दै त्यसको व्यवस्थापन हुन नसकेको बताए । ५९३ हप्तासम्म बागमती सफाइ गर्दा पनि स्थानीय सरकारबाट सफाइमा सहयोग हुन नसकेको उनको भनाइ थियो । त्रिभुवन विश्वविद्यालय वातावरण विज्ञान केन्द्रीय विभागका डा. दीपनारायण साहले सन् २०१५ देखि नै बागद्वारबाट वैरगनियासम्मको बागमती नदीको जलका विषयमा अध्ययन अनुसन्धान गर्दै आएको जानकारी गराए । सन् २०२३ सम्म पाँचपटक २० वटा प्यारामिटरमा अध्ययन गरिएको उनले सुनाए । खोलामा आश्रित चारका बारेमा गरिएको त्यो अध्ययनअनुसार नदीमा प्रदूषणको मात्रा जंगली क्षेत्रसम्म बढ्दै गएको भेटिएको अनुसन्धाता साहले सुनाए ।

वन इकोलोजी वर्ल्डका राजीव पौडेलले विकासलाई दिगो हुने दृष्टिकोणले नहेरी सतही रूपमा हेर्दा वातावरण विनाश भइरहेको बताए । सुन्दरीजल क्षेत्रमै धेरै ठाउँमा सीधै ढल बागमतीमै हाल्दा नदी सभ्यता धरापमा परेको उनले जानकारी गराए ।

नदी संरक्षण संस्थाका कार्यकारी निर्देशक मौसम खनालले २०७१ चैत २८ गतेदेखि बागमतीको मुहानदेखि भारतको सीमासम्मको नदीको जलका बारेमा अध्ययन, अनुसन्धान भइरहेको जानकारी दिए । नेटिफका अरुण श्रेष्ठले सुन्दरीजलस्थित घाट वरपर डस्टविन नराख्दा नदी बढी फोहोर भएको देखिएकाले आफूले व्यक्तिगतरूपमा ओखेनी माध्यमिक विद्यालयको इको क्लबले व्यवस्थापन गर्ने दुईवटा डस्टबिन उपलब्ध गराउने प्रतिबद्धता जनाए । संस्कृति र प्रकृतिको संरक्षणमा आफूले काम गरेको उनले सुनाए ।

ओखरेनी माध्यमिक विद्यालयका प्रधानाध्यापक देवराज भट्टराईले नदीलाई पनि समुदायसँग जोडेर लगे सफाइमा सहयोग पुग्ने विचार राखे । विद्यालयको इको क्लबका नारायण घिमिरेले बागमती सफाइ र हेरचाह गरे सरस्वतीको जस्तो बुद्धि हुन्छ भन्ने विश्वासका साथ आफूहरू बागमती सफाइमा जुट्ने गरेको बताए । विद्यालयको बाल क्लबकी मनिता तामाङले विद्यालयको वार्षिक कार्ययोजनामा बागमती सफाइ पनि राखेर सफाइ अभियानलाई सहयोग गरिएको जानकारी गराइन् । *रासस*


**मोटरसाइकल हराएको सूचना**

मिति २०८१।०५।२४ गते काठमाडौं जिल्ला तारकेश्वर न.पा.वडा नं.१० मनमैजु हिलेटोल स्थित पार्किङ गरिराखेको अवस्थामा कालो रातो रङ्गको बा. प्र. ०२४७ प ४७२६ मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

कम्पनीको नाम: हुलास अटो
धनीको नाम : तारा बहादुर मगर
बाइक नं.: बा.प्र. ०२४७ प ४७२६
च्यासिस नं.: MD2A13EX5HCM84353
इन्जिन नं. : DKXCNM38719
ठेगाना: तारकेश्वर न.पा.१०, मनमैजु हिलेटोल, काठमाडौं
सम्पर्क: ९८५११३५५६५



**साउदीमा रोजगार**

कम्पनी : AL-HANOUF ALI MOHSEN ATTIA FOUNDATION FOR PROVIDING MEALS

पूर्व स्वीकृति मिति : २०८१/०६/04 | LT. No. 311158 | चलानी नं.६०२२५६५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,५८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : NASEEM AL MOSTAQBAL TRADING EST. शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८१/०६/04 | LT. No. 311159 | चलानी नं.६०२२५६७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1000 | ६४,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १३ गते (29th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रू. १,५००/- कामदार आफैंले  सेवा शुल्क : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

BELIEVABLE OVERSEAS PVT.LTD.
Mahaharajgunj, Sallaghari, Kathmandu, Nepal, Contact: 01-4378500 , 014017815
E-mail : believableoverseas@gmail.com
Govt. License No. 1283/074/75


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

आइतबार, ०६ असोज, २०८१

| | |
|---|---|
| मेष | मान्यजनको मार्गदर्शन अनुचित लाग्नेछ । |
| वृष | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय लाग्नेछ |
| मिथुन | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । |
| कर्कट | परिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । |
| सिंह | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |
| कन्या | आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| तुला | शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ । |
| वृश्चिक | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| धनु | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| मकर | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन । |
| कुम्भ | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| मीन | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल | |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०६ असोज, २०८१ (२२ सेप्टेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०६ | १३४.६६ |
| युरो | १ को | १४७.९८ | १४८.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १७५.९६ | १७६.७५ |
| स्विस फ्रैन्क | १ को | १५७.४३ | १५८.१४ |
| अस्ट्रेलियन डलर | १ को | ९०.२६ | ९०.६६ |
| क्यानाडियन डलर | १ को | ९९.०१ | ९९.४६ |
| सिङ्गापुर डलर | १ को | १०२.३९ | १०२.८४ |
| जापानी येन | १० को | ९.१८ | ९.२२ |
| चिनियाँ युआन | १ को | १८.८२ | १८.९१ |
| साउदी अरब रियाल | १ को | ३५.७२ | ३५.८८ |
| कतारी रियाल | १ को | ३६.७८ | ३६.९४ |
| थाई भाट | १ को | ३.९१ | ३.९३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५० | ३६.६६ |
| मलेसियन रिङेट | १ को | ३०.६९ | ३०.८३ |
| दक्षिण कोरियन वन | १०० को | ९.९९ | १०.०४ |
| स्विडिस क्रोनर | १ को | १३.०१ | १३.०७ |
| डेनिस क्रोनर | १ को | १९.८४ | १९.९३ |
| हङकङ डलर | १ को | १७.१९ | १७.२७ |
| कुवेती दिनार | १ को | ४३८.६८ | ४४०.६४ |
| बहराइन दिनार | १ को | ३५५.६४ | ३५७.२४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

सन्दर्भः विश्व अल्जाइमर दिवस

# नेपालमा सातदेखि १० प्रतिशत मानिस अल्जाइमरसँगै डिमेन्सिया

**काठमाडौं–** शनिबार विश्व अल्जाइमर दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइएको छ । 'अबको आवश्यकता: अल्जाइमर्स तथा डिमेन्सियामा क्रियाशीलता' भन्ने मूल नाराका साथ नेपालमा पनि दिवस मनाइएको हो ।

स्वास्थ्य सेवा विभागको नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाकी निर्देशक हीराकुमारी निरौलाले नेपालमा ६० वर्षभन्दा माथिका करिब सातदेखि १० प्रतिशत मानिस अल्जाइमरसँगै डिमेन्सियाबाट प्रभावित रहेको बताइन् । उनले अल्जाइमरको संख्या यकीन भए पनि डिमेन्सिया भएका ७० प्रतिशत मानिसलाई अल्जाइमरको लक्षण देखिने गरेको बताइन् ।

जनचेतनाका कमीले अल्जाइमर रोगको प्रकोप बढिरहेको र समयमा उपचार गर्न सके यस रोगलाई कम गर्न सकिने निर्देशक निरौलाको भनाइ छ । 'समयमा नै रोग पहिचान गरेर कडा खालको बिर्सने रोगको लक्षणलाई अलि ढिला बनाउन सकिन्छ,' उनले भनिन्, 'तर बिरामीले उपचार नगर्दा कडा खालको लक्षण चाँडै देखिने गरेको छ ।' नेपालमा ६० वर्षमाथि उमेरका व्यक्तिमा यस रोगको समस्या देखिने गरे पनि आजकाल ४० देखि ४५ वर्ष उमेर समूहमासमेत समस्या देखिने गरेको निर्देशक निरौलाले बताइन् ।

### अल्जाइमरको लक्षण

अल्जाइमर रोग डिमेन्सियाको एक प्रकार हो । यसमा स्मरण शक्तिमा ह्रास हुने, भर्खरै भएका कुराहरू सम्झिनलाई समस्या हुने र क्रमशः पुराना कुराहरू पनि बिर्सँदै जाने हुन्छ र साथै एउटै कुरालाई बारबार दोहोऱ्याउने, ध्यान केन्द्रित गर्न समस्या हुनेजस्ता लक्षणहरू देखापर्ने गरेका चिकित्सकहरू बताउँछन् । पछि गएर उल्लिखित लक्षणहरू क्रमशः कडारूपमा बढ्दै गई दैनिक जीवनयापन नै कठिन हुन जान्छ ।

रोगको प्रमुख कारण बढ्दो उमेर भए पनि श्रवण शक्तिमा कमी, नसर्ने रोग (उच्च कोलेस्ट्रोल, उच्च रक्तचाप, मोटोपन, मधुमेह), मस्तिष्कमा चोट, दृष्टिमा कमी, वायु प्रदूषण, पोषण तत्त्वको कमी मदिरा र धूमपानको सेवन, डिप्रेसन, एक्लोपन, शारीरिक निष्क्रियताजस्ता कारणले पनि हुने गर्दछ । महाशाखा प्रमुख निरौला रोग रोकथामको उपाय भनेको नै जोखिमहरू कम गर्नु रहेको बताउँछिन् । उनकानुसार नेपालमा ६० वर्षमाथिका ज्येष्ठ नागरिकको जनसंख्या १० प्रतिशत रहेको छ र बुढचौली जनसंख्याको वृद्धिसँगै मानसिक स्वास्थ्यसम्बन्धी समस्या बढ्दै गइरहेका छन् ।

विश्व स्वास्थ्य संगठनकाअनुसार, हाल विश्वभर पाँच करोड ५० लाख मानिसहरू डिमेन्सिया रोगबाट प्रभावित छन् । जसमध्ये अल्जाइमर रोगले सबैभन्दा बढीलाई प्रभावित गरेको छ । प्रत्येक वर्ष करिब एक करोड नयाँ डिमेन्सियाका बिरामीहरू थपिन्छन् र यो संख्या सन् २०५० सम्म दोब्बर हुने अनुमान गरिएको छ ।

सरकारले अल्जाइमर रोगलाई सम्बोधन गर्नका लागि सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत विपन्न नागरिक औषधोपचार कार्यक्रमअन्तर्गत अल्जाइमर रोगका लागि एक लाख रूपैयाँसम्म सुविधा प्रदान गर्दै आइरहेको छ । यस रोगको उपचारका लागि देशभरि १२ वटा अस्पताल सूचीकृत छन् । राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, २०७७ ले ज्येष्ठ नागरिक मानसिक स्वास्थ्यका लागि अल्जाइमर्स डिस अर्डरलगायत विस्मृति तथा अन्य मानसिक समस्याको शीघ्र पहिचान र व्यवस्थापन गरी सामाजिक सुरक्षामा पहुँच अभिवृद्धि गर्ने रणनीति लिएको महाशाखा प्रमुख निरौलाले जानकारी दिइन् ।

उनले अल्जाइमरसँगै डिमेन्सिया रोगको रोकथाम र जोखिम कम गर्न, उपचार र स्याहारकर्ता वा परिवारलाई सहयोग र सहजीकरण गर्न आवश्यक रहेको बताइन् । निरौलाले यी रोग भएका बिरामीलाई सामाजिक कार्यमा लगाउनुपर्ने, मस्तिष्कलाई क्रियाशील बनाउनुपर्ने र पर्याप्त मात्रामा फलफूल खुवाउनुपर्ने बताइन् । *रासस*

# चन्द्रागिरिका आठ वडा 'बालश्रममुक्त वडा' घोषणा




**काठमाडौं (प्रस)–** चन्द्रागिरि नगरपालिकाले 'बालश्रममुक्त वडा' घोषणा कार्यक्रमलाई उच्च प्राथमिकतामा राख्दै धमाधम बालश्रममुक्त वडा घोषणा गरिरहेको छ । नगरपालिकाले चालु आर्थिक वर्षभित्र आफ्ना सबै वडालाई 'बालश्रममुक्त वडा' घोषणा गर्ने लक्ष्य लिएको छ । 'बालबालिकालाई श्रममा प्रयोग नगरौं, बालश्रममुक्त समाजको निर्माण गरौं' भन्ने नार ासहित हालसम्म चन्द्रागिरिका वडा नं ३ थानकोट, वडा नं ५ किसिपिडी, वडा नं ६ महादेवस्थान, वडा नं ७ चेकपोस्ट, वडा नं ८ मातातीर्थ, वडा नं ११ सतुंगल र वडा नं १४ नयाँ नैकाप 'बालश्रममुक्त वडा' घोषणा भइसकेका छन् ।

यसक्रममा शनिबार चन्द्रागिरि-१० सतुंगललाई बालश्रममुक्त घोषणा गरियो । हालसम्म नगरका १५ वडामध्ये विभिन्न आठ वडालाई 'बालश्रममुक्त वडा' घोषणा गरिएका छन् । नगरपालिकाले बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७५ को लक्ष्यअनुसार बालश्रम निवारणका लागि कार्यक्रम अघि बढाएको छ । साथै नगरपालिकाले बालश्रम निवारणसम्बन्धी कार्ययोजना बनाई बालश्रममुक्त नगर तथा वडा निर्माणका लागि विविध कार्यक्रम सञ्चालन गरिरहेको छ ।

बालबालिकासम्बन्धी बालमैत्री स्थानीय शासन कार्यविधि, २०६८ ले विभिन्न ३९ सूचक पूरा गरेको अवस्थामा बालश्रम घटेको हुनुपर्ने उल्लेख छ । चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरीले शनिबार यहाँ आयोजित कार्यक्रममा चन्द्रागिरि-१० लाई 'बालश्रम मुक्त वडा घोषणा' गर्दै बालश्रम निवारणका लागि नगरपालिकाले उच्च प्राथमिकता दिँदै आएको बताए । उनले घोषणापछिको दिगोपनमा काम गर्नुपर्नेमा जोड दिए ।

बालमैत्री नगर घोषणाका लागि प्रारम्भिक चरणमा विभिन्न सूचक पूरा गरी वडालाई बालश्रम मुक्त बनाउँदै लगिएको उनले जानकारी दिए । उनका अनुसार आगामी २०८१ सालको चैतसम्ममा नगरका सबै वडा बालश्रममुक्त वडा घोषणा भइसक्ने छन् ।

बालश्रममुक्त स्थानीय तहको सातौं नम्बरमा चन्द्रागिरि आउने छ । कार्यक्रममा उपप्रमुख वसन्ती श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत हेमराज अर्याल, वडा १० का वडाध्यक्ष शिवकुमार महर्जन, नगरपालिकाका विषयगत शाखाका प्रमुख, नवज्योती महिला समूह, विभिन्न बाल क्लब, विद्यालयका छात्रछात्रा एवं स्थानीयवासीको सहभागिता रहेको थियो । प्रमुख प्रशासकीय अधिकृत अर्यालले 'बालश्रममुक्त वडा'पछिको दिगोपनका लागि स्थानीय पालिका, संघसस्थाको सहकार्य आवश्यक रहेको र यसका लागि नगरपालिकाले सहजीकरण गर्ने बताए ।

# हाँडिगाउँ क्षेत्रको संरक्षणमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृतिविद् जगमान गुरुङले हाँडिगाउँ क्षेत्रको संरक्षण तथा अनुसन्धानमा ध्यान पुऱ्याउन तीन तहकै सरकारले ध्यान दिन जरुरी रहेको बताएका छन् ।

काठमाडौं महानगरपालिका-५ हाँडिगाउँमा कैलाशकूट सामाजिक अभियानको साधारणसभाको शनिबार उद्घाटन गर्दै उनले लिच्छविकालका तीनवटा प्रमुख दरबार मानगृह, भद्रादिवास र कैलाशकूटमध्ये हाँडिगाउँस्थित कैलाशकूटको महत्व अझ धेरै रहेको बताए । संस्कृतिविद् गुरुङकानुसार तीन खण्ड र सात तल्ला रहेको ऐतिहासिक कैलाशकूट भवनको एउटै सभाकक्षमा १० हजार मानिस बस्न सक्ने र यही दरबारबाट अंशु वर्माले शासन गरेका थिए । उनले हाँडिगाउँ, मालिगाउँ र धुम्रबराहको प्राचीन अभिलेख संकलन गरी संग्रहालय स्थापना गर्नुपर्ने आवश्यकता औंल्याए ।



प्रा.डा. प्रयागराज शर्माले इतिहास, सम्पदा र जात्रा पर्वका आधारमा हाँडिगाउँ नेपालकै प्राचीन र ऐतिहासिक स्थल रहेको बताए । उनले पुरातात्त्विक प्रमाणका आधारमा प्राचीन मूर्ति, अभिलेख र कैलाशकूट दरबारको ख्याति हाँडिगाउँले प्राप्त गरेको धारणा राखे ।

काठमाडौं महानगरपालिका-५ का वडाध्यक्ष वीरेन्द्र प्रजापतिले महानगरपालिकाले हाँडिगाउँलाई जीवन्तता दिन अभियान सुरु गरेको जानकारी दिए । उनले सम्पदा, संस्कार र पहिचान चिनाउन विगत एक वर्षदेखि हाँडिगाउँ क्षेत्रमा सडक महोत्सव सुरु गरिएको बताए । महानगरले सार्वजनिक जग्गा खोजी गरी वडावासीको हितमा प्रयोग गर्ने गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिरहेकाले लिच्छविकालीन सम्पदा रहेको हाँडिगाउँ क्षेत्रको विकासका लागि सबैको सहयोगका लागि प्रजापतिले आग्रह गरे ।

वरिष्ठ पत्रकार मोहन मैनाली र कैलाशकूट सामाजिक अभियानका अध्यक्ष महेशकुमार श्रेष्ठले 'सबैलाई माया गरौं सबैको सेवा गरौं' भन्ने उद्देश्यका साथ अभियानले कार्यक्रम सञ्चालन गरिरहेको बताए । त्यस अवसरमा वि.सं. २०१० देखि बाजागाजा संरक्षणमा सक्रिय रामदास महर्जनलाई नगदसहित सम्मान गरिएको थियो ।


## नेपाली सेना कृषि विज्ञान संस्थान, बगालेगाउँ लम्जुङ

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

सूचना नं. NAWF/NAAHI/RATION/LMG/ 2081/82/12

(पहिलो पटक प्रकाशित मिति : २०८१/०६/०६ गते)

१. यस संस्थानको लागि आ.व.२०८१/८२ मा निम्न अनुसारको खरिद कार्य गर्नु पर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कामको ईजाजत प्राप्त ईच्छुक फर्महरूले e–Gp System को माध्यमबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको हुँदा विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट http://www.bolpatra.gov.np/egp हेर्नु हुन यो सूचना प्रक(ाशित गरिएको छ ।

२. विद्युतीय माध्यमबाट सिलबन्दी दरभाउपत्र अपलोड गर्नुपर्ने अन्तिम मिति २०८१/०६/२१ गतेको १२:०० बजेभित्र र बोलपत्र खोलुवा मिति सोही दिनको १३:०० बजे ।

३. बोलपत्रको विवरण :

| सि. नं. | बजेट शीर्षक | कामको विवरण | लागत अनुमान रकम मु. अ. कर बाहेक | जमानत रकम रु. | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १. | पशुपंक्षी आहार | पशुपंक्षीहरूको लागि दाना तथा आहार खरिद | १५,७१,६५२.१० | ४५,०००.०० | १,०००.०० |



## बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ, कोशी प्रदेश नेपाल

## विद्युतीय माध्यमबाट बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/०६/०६)

आ.व.२०८१/०८२ मा बेलबारी नगरपालिकाको कार्यालयको तपसिल बमोजिमको कार्य प्रचलित कानुन बमोजिम विद्युतीय बोलपत्र माध्यमबाट गर्नु पर्ने भएकोले इजाजत प्राप्त व्यवसायीबाट रितपूर्वक बोलपत्र पेश गर्नका लागि सूचना आव्हान गरिएको छ । विस्तृत जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website https://www.bolpatra.gov.np/egp/मा हेर्नु हुन समेत सूचित गरिन्छ ।

**तपसिल**

| क्र. सं. | ठेक्का न. | कामको विवरण | ल.ई. रकम रु. (भ्याटबाहेक पीएस सहित) | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. | खरिद प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १. | BM/MOR//W/NCB-01-2081/082 | बरियाती शाखा नहर रतन राईको घरदेखि उत्तर कालोपत्रे सडक निर्माण बेलबारी-६ | ३७८०९४८.५० | १०००००.०० | ३०००.०० | बोलपत्र (इजीपी मात्र) |
| २. | BM/MOR/ /W/NCB-02-2081/082 | विष्णु श्रेष्ठको घरदेखि हर्दिबारी हुँदै सुबिदार टोलसम्म कालोपत्रे सडक बेलबारी-७ | ३७८०९४८.५० | १०००००.०० | ३०००.०० | बोलपत्र (इजीपी मात्र) |
| ३. | BM/MOR/ /W/NCB-03-2081/082 | बुद्धमार्ग अधुरो सडक कालोपत्रे बेलबारी-६ | ४२७६५५४.५४ | ११००००.०० | ३०००.०० | बोलपत्र (इजीपी मात्र) |
| ४. | BM/MOR//W/NCB-04-2081/082 | मूलनहर केशब बिष्टको घरदेखि उत्तरतर्फ सडक कालोपत्रे बेलबारी-७ | ४१६२५५९.४० | १०५०००.०० | ३०००.०० | बोलपत्र (इजीपी मात्र) |
| ५. | BM/MOR/ /W/NCB-05-2081/082 | बिहिबारेदेखि रणपाल आधारभूत स्कुल जोड्ने बाटो कालोपत्रे बेलबारी-८ | ४२६९४८९.७३ | ११००००.०० | ३०००.०० | बोलपत्र (इजीपी मात्र) |
| ६. | BM/MOR/ /W/NCB-06-2081/082 | अनाम चोकबाट पश्चिम जाने बाटो कालोपत्रे बेलबारी-१० | ४३४७२४३.१४ | ११५०००.०० | ३०००.०० | बोलपत्र (इजीपी मात्र) |
| ७. | BM/MOR/ /W/NCB-07-2081/082 | चाँदनी चौक अनामचौक हुँदै नलबारी वडा-८, ९, १० र ४ जोड्ने बाटो कालोपत्रे | ८६१५५३९.८३ | २२००००.०० | ३०००.०० | बोलपत्र (इजीपी मात्र) |

**नोट :**

१. बोलपत्र आंशिक वा पूर्णरूपमा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।
२. उल्लेखित बोलपत्रको कार्य सम्पन्न गर्नुपर्ने मिति २०८१/१२/३० हुनेछ ।
३. बोलपत्र दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन खरिद तथा दर्ता गरिनेछ ।
४. सूचनामा उलेखित शर्तहरूमा थप प्रस्टीकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएको अन्य विषयहरु सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## युएईमा रोजगार

कम्पनी : TAMAS PROJECTS

पूर्व स्वीकृति मिति : २०८१/०६/04 | LT. No. 311167 | चलानी नं. ६०२२५६५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 88 | 0 | 850 | ३०,९५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १२, १३ र १४ गते (28, 29 & 30th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४४३/०७४/०७५

**Golden Gateway Internatioal P. Ltd.**

P.o.Box. No. 10443, Ekata Tole, Sinamangal-9, Kathmandu, Nepal

Tel No. +977-014565667/4565324, E-mail : goldengatewayintenational@gmail.com



## साउदीमा रोजगार

कम्पनी : JAF CLEANING AND MAINTENANCE EST.
शहर : Salmiya Block-4

पूर्व स्वीकृति मिति : २०८१/०६/०५ | LT. No. 311094 | चलानी नं.६०२२५६५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 4 | 0 | 1000 | ३५,५८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १३ गते (29th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1161/073/74

**HALESI OVERSEAS PVT LTD**

Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208,
E-mail : halesioverseas074@gmail.com



## कुवेतमा रोजगार

कम्पनी : PERUK RESTAURANT AND CAFE COMPANY

पूर्व स्वीकृति मिति २०८१/०६/04 | LT. No. 311169 | चलानी नं. ६०२२५६५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Worker | 18 | 0 | 140 | ६१,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १३ गते (29th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sagarmatha International Employment Pvt. Ltd.**

K.B INTERNATIONAL EMPLOYMENT (P) LTD

Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कागजमै सीमित नहोस् सहमति

नागढुंगा–नौबिसे–मलेखु–मुग्लिन सडकमार्ग हुँदै यात्रा गर्नेहरूले सास्ती बेहोर्नुनपरेको सायदै हुन्छ । वर्षौंदेखिको यो समस्या अझै हट्न सकेको छैन । अझ वर्षात्को समयमा त ज्यानै माया मारेर यात्रा गर्नुपर्ने हुन्छ । उक्त सडक भएर यात्रा गर्नैपर्ने बाध्यतामा सर्वसाधारण रहेका छन् । उपत्यकामा भित्रिने र यहाँबाट बाहिरिने प्रमुख सडक हो यो । त्यसैले जनताले बोहोर्दै आइरहेको सास्तीप्रति सरकार गम्भीर बन्नुपर्ने थियो, त्यो भइराखेको छैन । स्तरोन्नतिको काम वर्षौं बित्दासमेत सम्पन्न अलपत्रजस्तै अवस्थामा रहेको छ । जसको मारमा उक्त सडक भएर यात्रा गर्ने यात्रु पर्दै आएका छन् । यो राज्यको असंवेदनशीलताको एउटा उदाहरण नै बनेको छ भन्दा फरक नपर्ला ।

यसैबीच उक्त सडक निर्माणलाई गति दिन सरोकारवालाहरूले सहमति गरेका छन् । शुक्रबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा भएको सर्वपक्षीय छलफलपछि सडक निर्माणलाई गति दिन छ बुँदे सहमति गरिएको छ । आयोजनामा देखिएका विभिन्न समस्या समाधान गरी निर्माणलाई गति दिन तीनै तहका सरकार, निर्माण व्यवसायी तथा सम्वद्ध पक्षबीच सहमति भएको हो । निर्माण कम्पनीका प्रतिनिधि, कन्सल्टयान्टलगायतको छलफलले सडक निर्माणमा देखिएका समस्या समाधान गरी निर्माणलाई गति दिने सहमति भएको बताइएको छ ।

सहमतिपत्रमा निर्माण सामग्री उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्डबमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त राजमार्ग निर्माण/विस्तारका लागि निर्माण व्यवसायीबाट स्रोत पहिचान गरी प्रस्ताव गरेमा पालिकाबाट वा योजना पहिचानको बेलामा वातावरणीय अध्ययन प्रतिवेदनमा भएका खानी योजनाको निर्माणका लागि प्रयोग गर्ने गरी आवश्यक कच्चा निर्माण सामग्री उत्खनन गर्न सहयोग गर्ने र सोबारेमा सहजीकरणका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने उल्लेख छ ।

निर्माण व्यवसायीले स्रोत उपयोग गरेको पालिकालाई नियमानुसार राजस्व तिर्नुपर्ने तर ओसारपसारमा थप वा दोहोरो कर नलिने सहमति भएको छ । साथै योजना कार्यान्वयनको सन्दर्भमा निर्माण व्यवसायीले स्थापना गर्नुपर्ने क्रसर प्लान्ट/अस्फल्ट प्लान्ट राख्नका लागि सम्बन्धित निकायले आवश्यक सहयोग गर्न पनि सम्बद्ध निकायले प्रतिबद्धता जनाएका छन् ।

सडक निर्माण कार्यलाई गति दिनेगरी भएको यो सहमति स्वागतयोग्य छ । तर, यसको कार्यान्वयन हुनेमा भने ढुक्क हुने अवस्था छैन । किनभने सरकारी काम विशेषगरी विकासे आयोजनाहरूको काम प्रायः सुस्त अवस्थामा रहेको छ, मुलुकभर नै । यद्यपि, भौतिक पूर्वाधार तथा यातायातमन्त्रीकै पहलमा भएको यो सहमति कार्यान्वयन होस् भन्ने कामना गरौं । नजिकिँदै गरेको चाडपर्वमा घर जानेहरूका लागि यात्रा सहज हुनेगरी तत्काल सहमतिअनुसारको काम अगाडि बढोस् । सहमति कागजमै सीमित नहोस् ।

## मननयोग्य

### चाणक्य नीति

राजसंघर्षका कारण रगत लतपतिदै गइरहेको पृथ्वीमा अहिंसा, प्रेम र सदभावनाको मुना फुटेर महावीर र बुद्धको कर्मभूमि यो मगध राज्य बन्न पुग्यो । सत्य फैलिरहेको थिया-महावीर र बुद्ध पनि अगाडि बढिरहेका थिए । भारतवर्षमा वीटा वैभवशाली सहर बन्नगयो 'मगध' अजातशत्रुने विज्यहरूसंगको युद्धकार्यका लागि पाटलीग्राम (पटना) मा आफ्ना मन्त्री तथा सुनितद्वारा किल्ला निर्माण गराए । त्यसै दिन बिहान भगवान् बुद्धले वर्षाकार वा सुनितलाई देखेर आफ्ना शिष्य आनन्दसँग सोधे 'आनन्द उनीहरू को हुन् ?' आनन्दले उत्तर दिए- 'उनीहरू महाराज अजातशत्रुका मन्त्री वर्षाकार वा सुनित हुन् जो विज्यहरूसँग युद्ध गर्नका लागि किल्ला बनाउदैछन् । भगवान् बुद्धले भन्नुभयो 'झट्टै यहाँ एउटा अत्यन्तै ठूलो सहर बस्नेछ । तर, त्यसमा आगो, पानी र ग्रहहरूका कलहले गर्दा सदैव भय रहनेछ । भगवान बुद्धद्वारा भनिएको भयको बातावरणरूपी भविष्यवाणी सत्य सावित भयो ।

जरासन्धपछिको पीढिले युगौयुगसम्म राज्यको शासन चलाए । जरासन्धीय इतिहासको अन्तिम शासक नियुन्जय थिए जसको हत्या उनकै मन्त्री सुनिकले गरे र सुनिकका छोरा प्रद्योत मगधको सिहासनमा बसे । प्रद्योत वंशका पाँच शासकहरूले एक सय अठतीस १३८) वर्ष (६४२ ई.पू. सम्म शासन गरे । शिशुनाम मगधको राजसिहासनमा बसेपछि मगधको राजनीतिक उत्थान र परिवर्तनको सुरुवात भयो । ई.पू. ५२८ अगाडि बिम्बिसारले मगधको सत्ताको सूप आफ्नो हातमा लिए ।

अंगप्रदेशको विजयसँगै राज्यविस्तारको क्रम बिम्बिसारले सुरु गरे । यसलाई सफलतापूर्वक अजातशत्रुले पूरा गरे । एकातिर मगध राज्यले राजनीतिक सफलता प्राप्त गरिरहेको थियो, अकातफ भारतवर्षका जनतामा एउटा नयाँ आध्यात्मिक चेतना पलाइरहेको थियो । धार्मिक जड°ता र रुढिवादिताबाट ग्रसित त्यतिबेलाको समाजमा नवजीवनको भाव मौलाइरहेको थियो ।

# मौलाउँदै खेलकुद पत्रकारिता



■ राजु सिलवाल

> नेपाली खेलकुद जगतले सञ्चारमाध्यममा आवश्यक मात्रामा महत्त्व पाउन सकेको छैन । खेलकुदसम्बन्धी समाचारलाई हाल उपलब्ध भइरहेको स्थान तथा समय पर्याप्त छैन । खेलकुदका सबै विधा तथा विविध खेलकुद प्रतियोगिताहरूलाई सञ्चारमाध्यमहरूले समेट्न सकेका छैनन् । रेडियो तथा टेलिभिजनबाट खेलकुदसम्बन्धी समाचार, कार्यक्रम प्रस्तोताप्रति दर्शकहरूले अझै बढी अपेक्षा गरेका छन् । अन्य विदेशी च्यानलसरह नेपालका टेलिभिजनहरु प्रविधिका दृष्टिले समृद्ध हुन सकेका छैनन् । हालसम्म नेपालमा खेलकुद मात्र देखाइने टेलिभिजन च्यानल खुल्न सकेको छैन ।

नेपालमा खेलकुद पत्रकारिता बिस्तारै स्थापित हुँदै छ । विगतमा कम प्राथमिकतामा पर्ने गरेको खेलकुदसम्बन्धी समाचारले हिजोआज सञ्चारमाध्यमहरूमा यथोचित स्थान पाउँदै आएका छन् । सञ्चारमाध्यमहरूले खेलकुदसँग सम्बन्धित प्रमुख घटनाहरू समाचारमा दिन छुटयाउँदैनन् । विगतको भन्दा खेलकुद पत्रकारिता परम्परागत माध्यम तथा नयाँ माध्यममा विभाजित भएको छ । मल्टी मिडियामा अभ्यस्त युवाहरू खेल पत्रकारितामा कार्यरत भइरहेका छन् ।

यसैगरी, टेलिभिजन तथा सामाजिक सञ्जाल 'फेसबुक' तथा 'युटचुब'मा खेलकुदको प्रत्यक्ष प्रसारणको क्रम पनि बढिरहेको छ । विभिन्न मुलुकमा भएका खेलकुद प्रतियोगिताहरूको प्रत्यक्ष प्रसारण आ-आफ्नो रुचिअनुसार हेर्न सकिने भएको छ । श्रव्य माध्यम रेडियोमा पनि पहिले कसले गोल गर्‍यो जस्ता समाचार 'ब्रेक' गर्ने होड चलेको छ । मोबाइल फोन बोकेर खेलमैदान नजिक 'प्यारापिट'मा बसिरहेका खेल समाचारदाताले खेलको महत्त्वपूर्ण क्षणको 'लाइभ रिपोर्टिङ' गर्नसक्ने अवस्था सिर्जना भएको छ । 'इन्टरनेट'को माध्यमबाट विश्वका विभिन्न स्थानमा सञ्चालन भइरहेका महत्त्वपूर्ण खेलकुद प्रतियोगिताको अद्यावधिक गर्न सकिने भएको छ । प्रविधिको विकासले खेलकुदको पहुँच दिनदिनै बढिरहेको छ ।

नेपालका प्रायः सबैजसो दैनिक अखबारले खेलकुदसम्बन्धी सामग्री प्रकाशित गर्नका लागि दिनहुँ निश्चित पेज छुटयाउने गरेका छन् । यसैगरी, रेडियो तथा टेलिभिजनका समाचारमा पनि खेलकुद समाचारका लागि 'प्राइम बुलेटिन'लगायत अन्य बुलेटिनहरूमा समय निर्धारण गर्ने गरिएको छ । अनलाइन समाचार पोर्टलहरूमा पनि खेलकुद समाचार 'ब्रेकिङ न्युज'का रूपमा दिइने क्रम बढ्दै गएको छ । विगतमा सीमित टेलिभिजनले गर्ने गरेको खेलकुद प्रतियोगिताको लाइभ अहिले अनलाइन पोर्टलहरूले समेत व्यापक मात्रामा गर्ने गरेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता भएको बेलामा युटचुबमा नेपाली भाषामै 'कमेन्ट्री' गरिएका विभिन्न 'साइट' पनि देख्न सकिन्छ । पहिले रेडियो तथा टेलिभिजनमा प्रत्यक्ष प्रसारणमा उद्घोषण गर्नेहरू सीमित व्यक्ति हुने गरेका थिए भने अब त्यस्ता खेल पत्रकारहरूको संख्या बढ्दो छ ।

## खेल पत्रकारिताको भूमिका

खेल पत्रकारले खेलकुद प्रतियोगिताका प्रतिस्पर्धात्मक अवस्थाको चित्रण गर्दै खेलाडीहरूको सफलता तथा असफलताबारे जानकारी गराउने गर्दछन् । यसैगरी, खेलकुदसँग सम्बन्धित निकायहरूका गतिविधि, ती निकायका कमीकमजोरीका साथै सुधारका मार्गतर्फ अग्रसर गराउने कार्यमा पनि खेलकुद पत्रकारिताले भूमिका निर्वाह गर्दछ ।

नेपाली खेलकुदजगत्लाई गतिशील तथा चलायमान बनाउन खेल पत्रकारहरूको ठूलो भूमिका रहँदै आएको छ । खेल पत्रकारहरूको निरन्तर समाचार सम्प्रेषणबाटै प्रोत्साहित हुँदै खेलाडीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफलता प्राप्त गर्दै आइरहेका छन् । यस अर्थमा खेल पत्रकारहरू अनगिन्ती अनुगमन समाचार बनाउने गर्दछन् । खेलकुदसम्बन्धी सम्बन्धित विविध विषयको भित्री तहसम्म गएर समाचार संकलन गर्ने काममा पनि खेलकुद पत्रकारहरूले अग्रसरता देखाउँदै आएका छन् ।

नेपाली खेलाडीहरूलाई 'सेलेब्रेटी' बनाउन खेल पत्रकारहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् । नेपाली खेलकुद क्षेत्रका सामान्य गतिविधिले पनि सञ्चारमाध्यममा स्थान पाउँदै आइरहेका छन् । २०७२ सालको भूकम्प, कोभिड-१९ को संक्रमणजस्ता गम्भीर परिस्थितिमा सम्पूर्ण जनजीवनसहित खेलकुदजगत कुनै गतविधि नभई ठप्प भएको अवस्थामा पनि खेलकुदसँग सम्बन्धित समाचार प्रकाशन तथा प्रसारण भएका थिए ।

विगतमा खेलकुद समाचार प्रकाशित हुँदा फुटबल खेलमा कुन टोलीले कसलाई कति गोलले पराजित गर्‍योजस्ता समाचार छापिन्थ्यो । अब कसले ? कसलाई ? कसरी पराजित गर्‍यो ? जस्ता आशयका समाचार सार्वजनिक हुने गरेका छन् । आज खेल बुझ्नेहरू खेल पत्रकार बनेका छन् । पाठक तथा दर्शकहरूको पनि खेलकुद बुझ्ने क्षमता बढ्दै गएको देखिएको छ । खेलका हरेक नियमका ज्ञाता पत्रकारहरूले खेल हेरेकै भरमा खेलमा नतिजाबारे प्राविधिक विश्लेषण गर्नसक्ने अवस्थामा पुगिसकेका छन् ।

नेपालमा खेलकुदसम्बन्धी समाचार संकलन गर्ने पत्रकारहरूको संख्यामा वृद्धि भइरहेको छ । हिजोका दिनमा एउटै समाचारदाता समाचार संकलन गर्न विभिन्न स्थानमा पनि जानुपर्ने अवस्था भएकाले खेलकुद गतिविधिले खासै प्राथमिकता पाउँदैनथे । आज खेलकुद विधाकै पत्रकारलाई खेलसम्बन्धी समाचार संकलनका लागि खटाउन थालिएको छ । अझ फुटबल, क्रिकेट, बास्केटबल, मार्सलआर्टस् जस्ता खेल विशेषमा केन्द्रित खेल पत्रकारहरू पनि क्रियाशील हुन थालेका छन् ।

आज नेपालमा सञ्चालन भइरहेका धेरैजसो टेलिभिजन तथा रेडियोहरूले आफ्ना समाचार बुलेटिनमा नेपाली खेलकुद गतिविधिलाई समेट्दै आइरहेका छन् । विभिन्न खेलकुद कार्यक्रममार्फत खेलाडीहरूको सफलता, प्रतियोगिता, उनीहरूका समस्याजस्ता विषयवस्तु समावेश गर्ने गरिएको छ । पछिल्लो समयमा सबैजसो प्रमुख सञ्चारमाध्यम अनलाइनसँग जोडिएका छन् । हाल नेपालमा सञ्चालनमा आएका प्रायः अनलाइन पोर्टलहरूमा खेलकुदसम्बन्धी समाचारहरू दिने गरिएको छ ।

नेपालमा खेलकुद विधालाई मात्र केन्द्रित गरिएका केही अनलाइन पोर्टलहरूसमेत सञ्चालन भइरहेका छन् । यस्ता पोर्टलहरूमा विभिन्न खेलका विस्तृत जानकारी दिइने गरिएको छ । ती पोर्टलले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूको प्रत्यक्ष प्रसारणसमेत गर्ने गरेका छन् । खेलकुदमै केन्द्रित गरिएका यस्ता करिब एक दर्जन समाचार पोर्टलमध्ये कुनैले राम्रो गरिरहेका छन् । अहिले क्रिकेट र फुटबल खेलजस्ता खेल मात्र बेग्लाबेग्लै समाचार पोर्टल पनि नेपालमा सञ्चालन भइरहेका छन् ।

## खेलकुद पत्रकारिताप्रति आकर्षण

नेपालमा खेलकुद पत्रकारितामा विशेषगरी युवा पत्रकारहरूको आकर्षण रहेको पाइन्छ । कतिपय अवस्थामा नाम चलेका टेलिभिजनका लागि कार्यक्रम बनाउने तथा टेलिभिजनको लाइभ कमेन्ट्री गर्ने खेल पत्रकार पनि सेलिब्रेटीजस्तै हुन्छन् । पहिले खेलाडीको रूपमा अनुभव हासिल गरिसकेकाहरू पछि खेल पत्रकार भएको पनि देखिएको छ । लामो समय महावीर क्लबका तर्फबाट फुटबल खेलेका श्याम चित्रकार अहिले ८२ वर्षको उमेरमा पनि क्यामरा बोकेर खेल स्थलमा फोटो तथा भिडियो खिच्दै हिँडेको देख्न सकिन्छ ।

खेलकुद विधामा राजनीतिक तथा अपराधजस्ता विधाको तुलनामा जोखिम कम हुने गरेको छ । ता पनि बेलाबखत पत्रकारहरू खेलमैदानमै आक्रमणमा परेका छन् । समाचार कभरेज नगरेको, आफू अनुकूल समाचार नबनाएको जस्ता कारण देखाएर पत्रकारलाई तारो बनाएका घटना पनि देखिएको छ । बेलाबखत खेलाडी तथा खेल पदाधिकारीले खेल पत्रकारलाई धम्की दिएको घटना पनि भएका छन् । एउटै विषयमा केन्द्रित रहेर समाचार संकलन गर्ने पत्रकारमा सम्बन्धित विषयमा विशेषज्ञता बढ्दै गएको देखिएको छ । नेपालमा खेलकुद पत्रकारिता बिस्तारै स्थापित हुने बाटोमा अग्रसर भइरहेको छ । अहिले खेलकुद विधा लिएर पत्रकारिता गर्ने पत्रकारको संख्या बढदै गइरहेको पाइएको छ ।

## खेल पत्रकार संगठित

नेपालमा खेलकुद विधामा काम गर्ने पत्रकार हरूको संख्या सीमित भएता पनि संगठित भएका छन् । २०५२ सालमा स्थापना भएको नेपाल खेलकुद पत्रकार मञ्च निरन्तर सञ्चालन भइरहेको छ । अहिले नेपालमा भएको खेल पत्रकारहरूको यो सबैभन्दा ठूलो संगठन हो । खेलकुद क्षेत्रमा बेलाबखत हुने गरेका विभिन्न विवादमा यो मञ्चले मध्यस्थता गरेर आफ्नो पहिचानलाई स्थापित गरेको छ । मञ्चले अग्रज खेलकुद पत्रकारलाई सम्मान गर्ने तथा नयाँ प्रतिभाशाली पत्रकारलाई प्रोत्साहित गर्ने काम पनि गर्ने गरेको छ ।

यसैगरी, मञ्चले एकेडेमी खोलेर खेल पत्रकारहरूलाई प्रशिक्षण दिने गरेको छ । मञ्चले काठमाडौं उपत्यकाका साथै विभिन्न जिल्लामा कार्यरत पत्रकारहरूलाई पेसागत तालिम सञ्चालन गर्दै आएको छ । नेपाल खेलकुद पत्रकार मञ्च अन्तर्राष्ट्रिय खेलकुद पत्रकार महासंघ (एआइपिएस) र एसियाली खेलकुद पत्रकार महासंघ (एआइपिएस एसिया) मा आबद्ध रहेको छ । नेपाल खेलकुद पत्रकार मञ्चलाई सन् २०२२ मा एसियाकै उत्कृष्ट खेलकुद पत्रकार संघको पुरस्कार प्रदान गरिएको थियो । देशमा व्यावसायिक खेलकुद पत्रकारिता र खेलकुदको विकास र प्रवर्द्धनमा उत्कृष्ट काम गरेको कदर गर्दै सो सम्मान गरिएको थियो ।

## पत्रकार र खेलाडीको सम्मान

नेपाल खेलकुद पत्रकार मञ्चले बर्सेनि प्रदान गर्ने गरेको विभिन्न विधाको खेल पुरस्कार अहिले नेपालकै सबैभन्दा ठूलो खेल पुरस्कारका रूपमा स्थापित हुन पुगेको छ । यस पुरस्कारअन्तर्गत वर्षको उत्कृष्ट खेलाडी तथा प्रशिक्षकलाई पुरस्कृत गर्ने गरिएको छ । यसैगरी, वर्षमा उत्कृष्ट नतिजा ल्याउने खेलकुद संघलाई पनि पुरस्कृत गर्ने गरिएको छ । अझ महत्त्वपूर्ण पुरस्कारका रूपमा लाइफटाइम एचिभमेन्ट पुरस्कार स्थापित हुन पुगेको छ । मञ्चले एसियाकै उत्कृष्ट खेल पत्रकारलाई पनि पुरस्कृत गर्ने गरेको छ ।

एआइपिएसले नेपाली खेल पत्रकार प्रज्ज्वल ओलीलाई सन् २०२० मा एआइपिएस स्पोर्ट्स मिडिया अवार्ड प्रदान गरेको थियो । विश्वभरका १२५ देशका खेल पत्रकारलाई उछिन्दै उनले 'उत्कृष्ट स्तम्भ लेखन' अवार्ड प्राप्त गरेका थिए । पुरस्कार आठ हजार अमेरिकी डलरको थियो ।

## खेल पत्रकारिताका चुनौती

नेपाली खेलकुद पत्रकारितामा लागेकाहरूले भोग्नुपरेको मुख्य चुनौती भनेको काम गरेको सञ्चारमाध्यमको स्थायित्व हो । सञ्चारमाध्यम बन्द हुने, कर्मचारी कटौती गरिने, न्यून ज्यालामा काम गर्नुपर्ने बाध्यता रहेको जस्ता कारणले खेल पत्रकारलाई विभिन्न मिडिया चाहर्दै हिँड्नु चुनौती मानिएको छ । यस्तै, खेल पत्रकारलाई धेरै खेलको ज्ञान हुनुपर्ने आवश्यकता रहेको छ । सञ्चारमाध्यमले विभिन्न खेलैपिच्छे बेग्लाबेग्लै समाचारदाता राख्न नसक्ने भएकाले एकै पत्रकार विभिन्न खेलमा जानकार हुनु चुनौतीपूर्ण मानिन्छ ।

यस्तै, खेल पत्रकारले दिनहुँ भोग्नुपरेको अर्को चुनौती भनेको समय सीमा हो । समयमै खेलमैदानमा पुग्नुपर्ने र सञ्चारमाध्यममा निश्चित अवधिभित्र समाचार बुझाउनुपर्ने बाध्यताले खेल पत्रकारलाई सधैं पछ्याइरहेको हुन्छ । विभिन्न कीर्तिमानहरूको तथ्य सत्य जाँच गर्नुपर्ने बाध्यता पनि उसलाई हुन्छ । नेपालमा खेलाडीहरूको कीर्तिमान नेपाली खेलकुदको आधिकारिक निकाय राष्ट्रिय खेलकुद परिषद्मासमेत व्यवस्थित नरहेको अवस्थामा आधिकारिक रेकर्डहरू खोज्न समस्या हुने गर्दछ । अर्को चुनौती भनेको पूर्वाग्रहरहित हुनु हो । खेल पत्रकारका हरेक समाचार निष्पक्ष र तटस्थ हुनु जरुरी रहेको छ । नेपालमा हालसम्म प्रकाशित खेलकुदसम्बन्धी पत्रपत्रिकाहरू नियमित हुन सकेका छैनन् । कयौं पत्रिका प्रकाशित भएर पनि बन्द भएका छन् । विगत केही दशकदेखिको यो समस्या अहिलेसम्म पनि विद्यमान रहेको नै पाइन्छ । सीमित बजार, विज्ञापनमा कमीजस्ता कारणले खेलकुद पत्रिकाहरूको स्थायित्व हुन सकेको छैन ।

नेपालमा सयौं टेलिभिजनहरू स्थापना भइसकेको भए पनि हालसम्म एउटा पनि खेलकुद च्यानल खुल्न सकेको छैन । यसैकारण नेपाली दर्शकहरूले कुनै महत्त्वपूर्ण खेलकुद प्रतियोगिता हेर्नका लागि भारतीय वा अन्य विदेशी च्यानलको सहारा लिइरहनुपरेको अवस्था छ । नेपाल टेलिभिजनले हालसम्म पाँचवटा च्यानल खोलिसक्दा पनि एउटा खेलकुद च्यानल खोल्नका लागि कुनै पहल गरेको छैन । आर्थिक विकास तथा प्रशासन केन्द्र सेडाले सन् २००३ मा गरेको सर्वेक्षणमै नेपाल टेलिभिजनलाई खेलकुद च्यानल खोल्नका लागि सुझाव दिएको थियो । नेपालमा कुनै-कुनै महत्त्वपूर्ण खेल प्रतियोगिता हुँदा नेपाली टेलिभिजनहरूबीच त्यसको प्रसारण अधिकार लिन होडबाजी नै चल्ने गरेको छ । तर, नियमितरूपमा खेलकुद च्यानल खोल्न भने कुनै टेलिभिजनले पनि प्राथमिकता दिएका छैनन् ।

> खेलकुद विधामा राजनीतिक तथा अपराधजस्ता विधाको तुलनामा जोखिम कम हुने गरेको छ । ता पनि बेलाबखत पत्रकारहरु खेलमैदानमै आक्रमणमा परेका छन् । समाचार कभरेज नगरेको, आफू अनुकूल समाचार नबनाएको जस्ता कारण देखाएर पत्रकारलाई तारो बनाएका घटना पनि देखिएको छ । बेलाबखत खेलाडी तथा खेल पदाधिकारीले खेल पत्रकारलाई धम्की दिएको घटना पनि भएका छन् ।

## निष्कर्ष

नेपाली खेलकुद जगतले सञ्चारमाध्यममा आवश्यक मात्रामा महत्त्व पाउन सकेको छैन । खेलकुदसम्बन्धी समाचारलाई हाल उपलब्ध भइरहेको स्थान तथा समय पर्याप्त छैन । खेलकुदका सबै विधा तथा विविध खेलकुद प्रतियोगिताहरूलाई सञ्चारमाध्यमहरूले समेट्न सकेका छैनन् । रेडियो तथा टेलिभिजनबाट खेलकुदसम्बन्धी समाचार, कार्यक्रम प्रस्तोताप्रति दर्शकहरूले अझै बढी अपेक्षा गरेका छन् । अन्य विदेशी च्यानलसरह नेपालका टेलिभिजनहरू प्रविधिका दृष्टिले समृद्ध हुन सकेका छैनन् । हालसम्म नेपालमा खेलकुद मात्र देखाइने टेलिभिजन च्यानल खुल्न सकेको छैन ।

मुलुकको ठूलो जनसंख्याका रूपमा रहेका युवा जमातलाई अनुशासित बनाएर जिम्मेवार आमसञ्चारमाध्यमहरूले आफ्नो माध्यमलाई अझ लोकप्रिय बनाई पाठक, स्रोता र दर्शकहरूको संख्या बढाउन खेलकुद महत्त्वपूर्ण माध्यम बन्न सक्दछ । यसका लागि सरकार तथा सञ्चारमाध्यमले खेलकुद पत्रकारितालाई उचित प्राथमिकता, यथोचित् लगानी तथा पत्रकारहरूको पेसागत दक्षता एवं वृत्तिविकासतर्फ ध्यान दिनु जरुरी देखिएको छ । *रासस*

# मधेस प्रदेशमा कुपोषणको समस्या बढ्दो

## नि:शुल्क उपचार गर्दै प्रदेश सरकार

■ **सुरेश झा**

**जनकपुरधाम–** मधेस प्रदेशका बालबालिकामा कुपोषणको समस्या देखिएको छ। कुपोषणका कारण समयमा उपचार नपाउँदा कतिपय बालबालिकाको मृत्युसमेत हुने गरेको मधेस प्रदेशको एक तथ्यांकले देखाएको छ। मधेस प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत प्रादेशिक अस्पताल जनकपुरको पोषणगृहका अनुसार कुपोषणका कारण बालबालिकामा मुटु समस्या, श्वासप्रश्वास, निमोनिया, रक्तअल्पता, क्षयरोग, मस्तिष्कघात, वृत्तिविकासमा कमी, पुडकोपनलगायत समस्या हुने गरेको छ।

सो प्रतिष्ठानका अनुसार आर्थिक वर्ष २०७९/८० मा १८६ बालबालिका कुपोषणका कारण उपचारका लागि जनकपुर अस्पतालमा भर्ना भएका थिए भने आव २०८०/८१ मा २१६ बालबालिका उपचारका लागि भर्ना भएको जनाइएको छ। त्यस्तै अस्पतालका बालरोग विभागमा दैनिक १५० देखि २५० बालबालिका उपचारका लागि आउने गरेका छन्। जसमा प्रत्येक १० जनामध्ये चार जनामा कुपोषण समस्या भेटिने गरेको छ। उक्त समस्या छ महिनादेखि पाँच वर्षका बालबालिका अत्यधिक छ।

बालबालिका कुपोषित हुनुमा गरिबी, अशिक्षा, आर्थिक अभाव, चेतनाको कमी, विपन्नता, समयमा उपचार नगराउनु रहेको छ। साथै सो समस्या दलित तथा पिछडिएको वर्गमा अत्यधिक रहेको छ। मधेस प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार प्रदेशमा करिब ५१ प्रतिशत बालबालिकामा रक्तअल्पता, २९ प्रतिशतमा पुड्कोपन, २७ प्रतिशमा कम तौल तथा १० प्रतिशत बालबालिकामा क्षयरोगलगायत कुपोषण भएको देखिने गरेको बताइएको छ।

मधेसमा वार्षिकरूपमा एक लाख ४० हजार बालबालिका जन्म लिने गरेको छ। पाँच वर्षमुनिका मृत्युदर प्रतिएक हजार जीवित बालबालिकामा ३३ मृत्यु तथा नवजात शिशु मृत्युदर प्रतिएक हजार जीवित जन्ममा २१ मृत्यु रहेको बताइएको छ। जसको मुख्य कारण कुपोषण नै रहेको विवरण सार्वजनिक गरिएको छ।

विगत पाँच वर्षमा कुपोषणको समस्या कम नभएपछि सो समस्याको समाधानका लागि प्रदेश सरकारले जिल्लादेखि वडासम्म पोषणसम्बन्धी कार्य भइरहेको मन्त्रालयले जनाएको छ। यस वर्ष प्रदेश सरकारले पोषणसम्बन्धी कार्यक्रमका लागि १० करोड रूपैयाँ रकम विनियोजन गरेको स्वास्थ्यमन्त्री शत्रुध्नप्रसाद सिंहले जानकारी दिए।

पोषणका लागि प्रादेशिक अस्पताल जनकपुरधाम, पर्साको वीरगञ्जमा रहेको नारायणी अस्पताल तथा राजविराजको गजेन्द्रनारायण सिंह अस्पतालमा पनि पोषणगृह सञ्चालनमा रहेको सिंहले बताए। प्रदेश सरकारले कडा कुपोषण देखिएका बालबालिकाको नि:शुल्क उपचार, पोषिलो खानपानका लागि प्रोत्साहन तथा अन्य जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको मन्त्रालयले जनाएको छ। सरकारले सन् २०३० सम्ममा पाँच वर्षमुनिका नवजात शिशु तथा बाल मृत्युदर अन्त्य गर्नका लागि दिगो विकास लक्ष्य लिएको छ। त्यो चुनौती मधेस प्रदेशमा देखिएको छ। *रासस*

# पोखरामा ६ गुणाले बढ्यो डेंगी संक्रमण

**कास्की (प्रस)–** पोखरा महानगरपालिकामा गत भदौ पहिलो सातायता डेंगी संक्रमण छ गुणाले बढेको छ। भदौ पहिलो साता डेंगी संक्रमितको संख्या ७०० को आसपास रहेकोमा महिनादिनमा बढेर चार हजार ४३३ पुगेको हो। महानगरको स्वास्थ्य महाशाखाका अनुसार संक्रमितको उक्त कूल संख्या गत पुसयताको हो।

महाशाखाका जनस्वास्थ्य निरीक्षक राजेन्द्र रेग्मीले संक्रमितको संख्या ३१ सयभन्दा बढी पुग्न नदिई डेंगी रोकथाम गर्ने लक्ष्य लिइएकामा उक्त लक्ष्य पूरा गर्न नसकिएको बताए। 'पछिल्लो एक महिनामा डेंगी संक्रमण ह्वात्तै बढ्यो, यही अवस्था रहिरहे पाँच हजार बढीमा संक्रमण देखिनसक्छ,' उनले भने, 'प्रत्येक व्यक्तिले सावधानी नअपनाएसम्म डेंगी रोकथाम चुनौतीपूर्ण छ।'

गत वर्ष पोखरा महानगरपालिकाका तीन हजार ३७० जनामा डेंगी संक्रमण पुष्टि भएको थियो। कात्तिक महिनासम्म संक्रमणको जोखिम रहने भएकाले यो वर्ष संक्रमितको संख्या अझै बढ्नसक्ने देखिएको जनस्वास्थ्य निरीक्षक रेग्मीले बताए। उनका अनुसार डेंगी संक्रमणबाट पोखरामा तीन जनाको मृत्यु भएको छ। पोखरा महानगरपालिका-५ का ५२ वर्षीया महिला, १२ का ४० वर्षीय र १० का ८० वर्षीय पुरुषको डेंगीका कारण मृत्यु भएको उनले जानकारी दिए। पोखरा महानगरपालिका-नं ५, ८ लगायतका वडा डेंगीबाट बढी प्रभावित भएको स्वास्थ्य महाशाखाले जनाएको छ।

जनघनत्व बढी भएका ठाउँमा डेंगी छिटो फैलिने हुँदा महानगरको मुख्य सहरी क्षेत्रमा संक्रमण तीव्र बनेको हो। संक्रमण तीव्र बन्दै जाँदा उक्त रोग लाग्नबाट जोगिन विशेष सावधानी अपनाउन चिकित्सक तथा स्वास्थ्यकर्मीले सुझाएका छन्। स्वास्थ्य कार्यालय, कास्कीका प्रमुख रामबहादुर नेपालीले संक्रमण जटिल बनेर मानिसको मृत्युसमेत हुनसक्ने भएकाले डेंगी रोग सार्ने लामखुट्टेको टोकाइबाट बच्नु नै उक्त रोगबाट बच्ने उत्तम उपाय भएको बताए।

प्रमुख नेपालीले असारदेखि कात्तिकसम्म डेंगीको संक्रमण बढी फैलने बताए। समयमा जोखिम न्यूनीकरण र नियन्त्रण गर्न नसके डेंगीले महामारीको रूप लिनसक्ने प्रमुख नेपालीले बताए। 'डेंगीलाई सामान्य रूपले नसोचौं, यसका अप्रिय उदाहरण हामीसँग छन्,' उनले भने, 'डेंगी भइसकेपछि धेरै पीडा र दर्द हुन्छ, उपचार र हेरचाह पुगेन भने स्वास्थ्य अवस्था जटिल बन्दै गएर बिरामीको मृत्युसमेत हुनसक्छ।'

डेंगी रोकथाम र नियन्त्रणका लागि सबै पक्ष सचेत र जिम्मेवार हुनुपर्ने प्रमुख नेपालीको भनाइ छ। चार प्रकारको भाइरसबाट मानिसमा डेंगी संक्रमण हुने गरेको उनले बताए। उक्त लामखुट्टेले जम्मा भएको सफा पानीमा फुल पार्ने र लार्भा जन्माउने गरेको उनको भनाइ छ। यो लामखुट्टेले दिनमा मात्र टोक्ने गरेको उनले बताए।

डेंगी संक्रमणपछि वान्ता भइरहने, नाकबाट रगत आउने, कालो दिसा हुने, थकानजस्ता लक्षण देखिए चिकित्सकको विशेष निगरानीमा उपचार गर्नुपर्ने चिकित्सक बताउँछन्। डेंगी भएमा आराम गर्ने, पानीलगायत झोलिलो पदार्थ पिउने र जथाभावी औषधि सेवन गर्न नहुने उनीहरूको सुझाव छ। वृद्धवृद्धा, दीर्घरोगी, गर्भवती र बालबालिकामा डेंगीको संक्रमण भएमा स्वास्थ्यमा जटिलता निम्तन सक्ने खतरा हुने प्रमुख नेपालीले बताए। डेंगी सार्ने 'एडिस एजिप्टाइ' जातको पोथी लामखुट्टे जमेको सफा पानीमा बस्ने हुँदा घर, कार्यालय र सार्वजनिकस्थलमा पानी जम्न दिन नहुने उनको भनाइ छ।


## बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ, कोशी प्रदेश

**नगर अस्पतालका लागि केमिकल तथा ल्याबका सामाग्री खरिदका लागि बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८१/०६/०६**

बेलबारी नगरपालिका अन्तर्गतको बेलबारी नगर अस्तापलमा आ.व. २०८१/८२ मा तपसिल बमोजिमका खरिद कार्य विद्युतीय बोलपत्र माध्यमबाट गराउनुपर्ने भएकाले इजाजतप्राप्त व्यवसायीबाट रीतपूर्वक बोलपत्र आह्वान गरिएको छ। विस्तृत जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website https://www.bolpatra.gov.np/egp/ मा हेर्नुहुन समेत सूचित गरिन्छ।

**तपसिल**

| ठेक्का नं. | बोलपत्रको नाम | फाराम दस्तुर शुल्क | जमानत रकम रु. | लागत अनुमान रु. (मु.अ.कर बाहेक) | पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| BM/MOR/G/NCB-04-2081-082 | Supply and Delivery of Chemical and Lab items | ३,०००/- | २,६१,०००/- | ९२,२२,५८१.१९ | २०८१ कात्तिक ६ गते दिनको १२:०० बजे सम्म | २०८१ कात्तिक ६ गते दिनको २:०० बजे |

**नोट :** १) आंशिक वा पूर्ण रूपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार न.पा.मा हुनेछ। अन्य विषय सम्बद्ध कानुन बमोजिम हुनेछ।
२) बोलपत्र पेस गर्दा Additional Document मा राखिएको BoQ भरी पेस गर्नुपर्नेछ। उक्त BoQ मा अनिवार्य रूपमा हस्ताक्षर र छाप लगाएको हुनुपर्दछ। भ्याष्म मार्फत दयत्त गर्ने ठाउँमा जम्मा रकम उल्लेख गर्नुपर्नेछ।
३) BoQ भएका सि.नं. ६,७,८,९,१०,११ र ५८ का केमिकल तथा ल्याब सामाग्रीहरु मु.अ.कर नलाग्ने वस्तुहरु हुन। मूल्यांकन गर्दा सोही बमोजिम मूल्यांकन गरिनेछ।
४) सूचनामा उल्लेखित शर्तहरूको थप प्रष्टीकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ साथै प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताबिक हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**


# नदीजन्य पदार्थ उत्खनन रोकिँदा मजदुर मारमा

**सिरहा (प्रस)–** लहान नगरपालिकाले नदीजन्य पदार्थ उत्खनन ठेक्कामा ढिलाइ गर्दा यहाँको खुट्टीखोलामा ढुंगा, गिट्टी, बालुवा चालेर दैनिक गुजारा चलाउने मजदुर समस्यामा परेका छन्। सधैंको वर्षजस्तै नगरपालिकाले आसोज १ गतेदेखि ढुंगा, गिट्टी, बालुवा संकलन सुरु नगरेकाले आफूहरूले जीविकोपार्जनका लागि रोजीरोटीको व्यवस्था गर्न मुस्किल परेको उनीहरूको गुनासो छ।

वर्षायामका असार, साउन र भदौ तीन महिना नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा र माटो) उत्खनन तथा संकलनको काम ठप्प हुन्छ भने असोजदेखि पुनः सुरु हुने गर्छ। स्थानीय तहले वातावरणीय प्रभाव मूल्यांकन (इआइए) गराई तोकिएको निश्चित सीमाभित्र उत्खनन गर्नेगरी खोला ठेक्कामा लगाउने गर्छन्।

लहान नगरपालिकाले गत भदौ २८ गते नगर क्षेत्रभित्रका नदी तथा खोलाबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलन अर्को निर्णय नभएसम्मका लागि सञ्चालन नगर्ने निणय गरेसँगै ढुंगा, गिट्टी, बालुवाको काम गर्दै आएका यहाँका हजारौं मजदुर यतिबेला चिन्तामा छन्।

'दैनिक बालुवा चालेर गुजारा चल्छ। काम नपाएपछि मुखमा माड कसरी लाउनु ?,' तीन दशकदेखि खुट्टीखोलामा बालुवा चालेर गुजारा चलाउँदै आएका लहान-९ का ५५ वर्षीय किसुनदेव पासवानले भने, 'तीन महिना त जसोतसो बाँचियो, यही बालुवा चाल्न पनि समयमा नपाउँदा बिहान-बेलुका के खाने ? सधैं बेरोजगार भएपछि परिवार कसरी पाल्ने ? दसैं आउँदै छ, त्यसको खर्च जोहो कसरी गर्ने भन्ने चिन्ता छ हजुर !' खुट्टीखोला किनारामा बिहान उज्यालो भएदेखि साँझसम्म बालुवा चाल्ने धेरै मजदुरको पीडा पासवानको जस्तै छ।

यसरी अनिश्चितकालसम्म ढुंगा, गिट्टी, बालुवाका काम रोकिँदा त्यसमा आश्रित मजदुरको बिल्लीबाठ भएको भन्दै जनप्रतिनिधिले उनीहरूको समस्या बुझिदिनुपर्ने बताउँछन् लहान-९ का पूर्ववडाध्यक्ष तथा नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)का केन्द्रीय सदस्य प्रदीप चौधरी। उनले भने, 'तीन महिनापछि पनि ढुंगा, गिट्टी, बालुवाको काम सञ्चालन नहुँदा कति युवा विदेश पलायन हुन बाध्य छन्।


## Damak Municipality
### Office of Municipal Executive
**Damak, Jhapa**
**Koshi Province, Nepal**

**Invitation for Online Bids**

**Date of publication: 2024-09-22 A.D. (2081-06-06 B.S.)**

1) Damak Municipality, Damak, Jhapa invites online bids under e-procurement system from eligible bidders for the following works:

| S. N. | Name of Project | Contract ID No. | Bid Security Amount | Cost of Bid Document | Bid Validity Period | Estimated Amount (With VAT) | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction of Pipe Culvert on Ratuwa Corridor, Damak 7 | DMO/JHAPA/ROAD/12/081-82 | 72500.0 | 3000.0 | 120 Day | 2896227.28 | 2024-10-22 12:00 | 2024-10-22 13:00 |
| 2. | Construction on Garage of Pashuhat, Damak 7 | DMO/JHAPA/QUOTATION/GARAGE/13/081-82 | 35000.0 | 1000 | 75 Days | 1368846.72 | 2024-10-07 12:00 | 2024-10-07 13:00 |
| 3. | Upgradation of Various Roads, Graveling, plum works and Culvert Works in Damak 3 | DMO/JHAPA/ROAD/14/081-82 | 237500.0 | 3000.0 | 120 Day | 9496869.54 | 2024-10-22 12:00 | 2024-10-22 13:00 |
| 4. | Upgradation of Himali Marga, Damak 3 | DMO/JHAPA/ROAD/15/081-82 | 127500.0 | 3000.0 | 120 Day | 5099982.25 | 2024-10-22 12:00 | 2024-10-22 13:00 |
| 5. | Construction of Ward Office Building, Damak 2 | DMO/JHAPA/Building/16/81-82 | 102000.0 | 3000.0 | 120 Day | 4093090.10 | 2024-10-22 12:00 | 2024-10-22 13:00 |
| 6. | Construction of Footpath with Railing on Various Roads, Damak-6 | DMO/JHAPA/ROAD/17/081-82 | 98000.0 | 3000.0 | 120 Day | 3925031.60 | 2024-10-22 12:00 | 2024-10-22 13:00 |

2) Eligible Bidders may obtain further information and inspect the bidding documents at Damak Municipality, Damak, Jhapa, Phone No. 023-580502 or may visit PPMO website **www.bolpatra.gov.np/egp**.

3) A complete set of bidding documents may be downloaded for e-submission from PPMO's website **www.bolpatra.gov.np/egp** and should deposit the cost (as specified above) of bidding document in the office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document and bid security in Bank is as follows:

| Bid Document Fee | Bid Security |
|---|---|
| Name of the Bank : **Rastriya Banijya Bank,Damak,Jhapa** | Name of the Bank : **Rastriya Banijya Bank,Damak,Jhapa** |
| Name of Office : **Damak Municipality,Damak,Jhapa** | Name of Office : **Damak Municipality,Damak,Jhapa** |
| Account Name : **Aantarik Rajaswa Khata** | Account Name : **Dharauti Khata** |
| Account No. : **2140100301010002** | Account No. : **2140100303000002** |

4) Pre-bid meeting shall be held at Damak Municipality, Damak, Jhapa as per mentioned in e-bid system.

5) If the last date of opening bid falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**


# 'नातिनातिनासँगै विद्यालय जान्छन् हजुरआमाहरू'

**खोटाङ–** दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१० पाथेका गाउँकी ७८ वर्षीया धनकुमारी राईले स्थानीय सरस्वती माध्यमिक विद्यालयको कक्षा-१ मा अध्ययन गर्न थालेकी छन्। बाल्यकालमा विवाह भएपछि शिक्षाबाट वञ्चित उनी अहिले नातिनातिनीको उमेरका बालबालिकासँगै बसेर पढ्न थालेकी हुन्।

पाँच छोराछोरीका गरी २१ जना नातिनातिनीका हजुरआमा धनकुमारी सोही माध्यमिक विद्यालयको बाल विकास केन्द्रमा अध्ययनरत नातिनी परिशा राईसँगै झोलामा किताब, कापीसहित शैक्षिक सामग्री बोकेर विद्यालय जाने गर्छिन्। मोबाइल फोन चलाएर सामाजिक सञ्जाल हेर्ने धोको पूरा गर्न विद्यालय भर्ना भई नियमित अध्ययन गर्न थालेको उनले बताइन्। 'सानै उमेरमा विवाह भएपछि विद्यालय जान पाइएन। अहिले पढ्ने धोको पूरा गर्न विद्यालय भर्ना भएकी छु,' उनले भनिन्, 'ढिलै भए पनि पढाइलाई दैनिकी बनाउँदा खुसी लागेको छ।'

धनकुमारीसँगै पाथेका गाउँकी ५२ वर्षीया पुजन दर्जी पनि सोही विद्यालयमा कक्षा-१ मा भर्ना भएकी छन्। तीन सन्तानकी आमा उनले बाल विकास केन्द्रमा अध्ययनरत नातिनी स्नेहासँग विद्यालयमा जाने गर्छिन्।

बाल्यकालमा पढ्ने चाहना भए पनि पूरा नभएपछि अहिले विद्यालय भर्ना भएको पुजनले बताइन्। 'सानो हुँदा पढ्ने चाहना भए पनि बुबाआमाले दिनुभएन,' उनले भनिन्, 'नपढेपछि जिन्दगी अन्धकार हुँदो रहेछ। अहिले पढ्ने सपना पूरा गर्ने अवसर मिलेको छ। छोराछोरीले पनि साथ दिएका छन्।' बाल्यकालमा पढ्न नपाएपछि मोबाइल चलाउनदेखि सामाजिक सञ्जाल हेर्न पनि नसकेको पुजनले दुखेसो गरिन्। 'लेख्न, पढ्न जानियो भने मोबाइल चलाउन सकिन्छ भन्ने लागेको छ,' उनले भनिन्, 'छोरा विदेशमा छन्। उनीहरूसँग कुरा गर्न मन लाग्छ। पढेपछि यस्ता स-साना कामका लागि कसैलाई गुहार्नु पर्दैन।'

हजुरआमा समानका धनकुमारी र पुजनले बुढेसकालमा उच्च मनोबलका साथ नियमित विद्यालय आएर पढ्ने गरेका विद्यालयका प्रधानाध्यापक उत्रप्रसाद राईले बताए। 'उहाँहरू बुढेसकालमा पनि नियमित विद्यालय आएर अध्ययन गरिरहनुभएको छ,' उनले भने, 'यसले महिलाको साक्षरता वृद्धि हुने विश्वास लिएका छौं।'

धनकुमारी र पुजन नेपाली अक्षरदेखि अंग्रेजीमा केही शब्द भन्न र लेख्नसक्ने भएका प्रअ राईले उल्लेख गरे। उनीहरूको पढाइप्रतिको इच्छाशक्तिले अरुलाई पनि हौसला दिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हात्तीराम राईले बताए।

वि.सं. २०१७ मा स्थापना भएको उक्त विद्यालयमा अहिले ३३२ जना विद्यार्थी अध्ययनरत छन्। भौगोलिकरूपमा विकट र विद्यार्थीको संख्या पर्याप्त नभएकाले चन्दा संकलन गरेर ११ को कक्षा सञ्चालन गरिएको सञ्चालक समितिका संयोजक धनप्रसाद गिरीले जानकारी दिए। कक्षा १२ सम्मको अनुमति पाएको विद्यालयमा शिक्षा, व्यवस्थापन र मानविकी संकायको अध्यापन हुँदै आएको छ। *रासस*

# प्रभाव दैनिक

रूपशाला


### अभिनेता तामाङलाई पुत्रलाभ

अभिनेता बुद्धि तामाङलाई पुत्रलाभ भएको छ । उनकी पत्नी अनु थिङले शुक्रबार बिहान ९ बजे नर्भिक अस्पतालमा पहिलो सन्तानलाई जन्म दिएकी हुन् । ३ किलो तौलका शिशु स्वस्थ रहेको बुद्धिले बताए । अनुलाई अस्पतालको आइसीयूमै राखिएको छ । बुद्धि र अनुले २ वर्षअघि विवाह गरेका हुन् ।





# भैरव अर्याल स्मृति पुरस्कार गिरी, गाम्नागे र गौतमलाई



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली साहित्यका विराट प्रतिभा भैरव अर्यालको स्मृतिमा स्थापित विभिन्न तीन पुरस्कार प्राप्तकर्ताको नाम सार्वजनिक गरिएको छ । भैरव पुरस्कार गुठीद्वारा सार्वजनिक गरिएको नामअनुसार २०८१ सालको भैरव पुरस्कार हास्यव्यंग्यकार लक्ष्मण गाम्नागेलाई प्रदान गरिने भएको छ । यो पुरस्कारको राशी १ लाख ११ हजार १ सय ११ रूपैयाँ रहेको छ ।

१ लाख १ हजार १ सय ११ रूपैयाँ राशीको भैरव वाङ्मय पुरस्कार चुडामणि गौतमलाई प्रदान गरिने गुठीले जनाएको छ । त्यस्तै ५१ हजार १ सय ११ रूपैया राशीको भैरव प्रतिभा पुरस्कार कलाकार लक्ष्मी गिरीलाई प्रदान गरिने भएको छ ।

पुरस्कार प्राप्तकर्ताहरूको नाम छनौट गर्न गुठीले साहित्यकार गोपाल बरालको संयोजकत्वमा साहित्यकारद्वय नरनाथ लुइँटेल र हरिकला उप्रेती सम्मिलित समिति बनाएको थियो । भैरव स्मृति दिवसको दिन यही असोज १९ गते शनिबार गोकर्णेश्वर-५ स्थित भैरव स्मृति भवनमा पुरस्कार वितरण गरिने गुठीका सचिव वसन्त रिजालले जानकारी दिए ।

# ‘छक्कापञ्जा ५’ प्रचारका लागि ‘रोस्टिङ ब्याटल’ हुने

**काठमाडौं (प्रस)–** प्रतीक्षित नेपाली फिल्म ‘छक्कापञ्जा ५’ प्रचारका लागि ‘रोस्टिङ ब्याटल’ आयोजना हुने भएको छ । ‘रोस्टिङ ब्याटल’मा ‘छक्कापञ्जा ५’ टिम र ‘कमेडी च्याम्पियन’का कलाकारले एउटै मञ्चमा हास्य व्यंग्य प्रस्तुति दिनेछन् । अगामी २० गते राष्ट्रिय नाचघर जमलमा आयोजना हुने यो कार्यक्रमलाई अहिलेसम्मकै ठुलो रोस्टिङ ब्याटल भनिएको छ ।



कमेडी च्याम्पियन आयोजक रहेको कार्यक्रमको ‘छक्कापञ्जा’बाट कलाकार दीपकराज गिरी, दीपाश्री निरौला, केदार घिमिरे र वर्षा शिवाकोटी र कमेडी च्याम्पियनका भरतमणि पौडेल, सुमन कार्की, सुमन कोइराला, मेक्सम गौडेल, कैलाश कार्की, सन्तोष थापा, सजन श्रेष्ठ, प्रभात लामा, सुनिल खड्का र ऋषभ काफ्ले सहभागी हुनेछन् ।

# एलओडीमा आउँदै अमेरिकी र्‍यापर लिल पम्प

■ प्रभाव संवाददाता



**काठमाडौं–** अमेरिकी चर्चित र्‍यापर लिल पम्प नेपाल आउने भएका छन् । ठमेलस्थित एलओडी क्लबमा यही असोज १६ गते (अक्टोबर २) मा हुने कार्यक्रममा उनले आफ्नो प्रस्तुति दिने भएका हुन् । उनको सबैभन्दा बढी चर्चित गीत ‘गुजी ग्याङ’ रहेको छ ।

एलओडी क्लबका सञ्चालक राजु सिंहले लिल पम्पको कार्यक्रमका लागि सम्पूर्ण तयारी पूरा भएको बताए । उनका अनुसार सोही दिन हुने कार्यक्रममा क्लबले शुःल्क लिने व्यवस्था गरेको छ । भीआईपी र सामान्य गरेर टिकटको मूल्य निर्धारण गरिएको छ । भीआईपीमा प्रवेश गर्न दर्शकहरूले ३५ सय र सामान्य स्थानमा रहेर हेर्न २५ सय रूपैयाँ तिर्नुपर्ने सिंहले जानकारी दिए । दर्शकहरूले खल्ती एप्सबाट टिकट खरिद गर्नसक्ने सिंहले बताए ।

यसअघि पनि एलओडीमा बलिउड तथा हलिउडका कलाकारले प्रस्तुति दिइसकेका छन् । बलिउडका नेहा कक्कड, अर्मान मल्लिक, इण्डियन आइडल पवनदीप, लक्की अली, बाबा सेहगललगायतका गायकहरूले एलओडीमा प्रस्तुति दिइसकेका छन् ।


एलओडी ‘लर्ड अफ द ड्रिंक्स’ विश्वकै उत्कृष्ट क्लबमध्ये ५० औं स्थानमा परेको क्लब हो । केही समयअघि क्लब पुनः ‘डीजे म्याग टप १००’ को नोमिनेसनमा परेको छ । यूकेस्थित डीजे म्यागले छनोट गर्ने सन् २०२४ का लागि १०० उत्कृष्ट क्लब क्याम्पियनमा एलओडी ५०औं स्थानमा रहेको हो ।

# ब्रेकअपपछि पनि सौगात र सृष्टि एकसाथ

■ प्रभाव संवाददाता

**काठमाडौं –** अभिनेता सौगात मल्ल र अभिनेत्री सृष्टि श्रेष्ठले ब्रेकअपपछि पनि निरन्तर फिल्ममा सहकार्य गर्दै आइरहेका छन् । हालै फिल्म ‘भाइरल गोर्खे’ मा एकसाथ काम गरेका उनीहरूको अब अर्को फिल्म ‘विनोद’ मा पनि सहकार्य गर्ने भएका हुन् ।

सौगातको अभिनय रहने जानकारी दिँदै फिल्मको ‘एआई जेनेरेटड’ पोस्टर सार्वजनिक गरिएको थियो । त्यो पोस्टर सृष्टिले पनि आफ्नो सामाजिक सञ्जालमा सेयर गरेकी छन् । फिल्मको छायांकन आगामी मंसिरमा गरिने बताइएको छ । फिल्ममा प्रकाश घिमिरे, प्रवीण खतिवडा, दिव्य देव लगायको पनि अभिनय रहनेछ । फिल्म सन् २०२५ मा रिलिज हुनेछ । अहिले ‘पिताम्बर’को छायांकनमा व्यस्त रहेका सौगातले ‘विनोद’भन्दा अघि ‘बलिदान’ र ‘कल्ली’को छायांकन भ्याउनेछन् ।






**साफ यू-१७ च्याम्पियन**

# नेपाल पाकिस्तानसँग पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** साफ यु-१७ च्याम्पियनसिपमा नेपाल पाकिस्तानसँग पराजित भएको छ । भुटानको चाङ्लिमिथाङ रंगशालामा शनिबार सम्पन्न खेलमा नेपाल पाकिस्तानसँग १-० ले पराजित भएको हो । पाकिस्तानको जितमा खेलको ८२औं मोहम्मद थलहले गरेको गोल नै खेलको निर्णायक गोल बनेको थियो । समूह ‘बी’ मा रहेको नेपालले आउने सोमबार श्रीलंकासँग खेल्ने तालिका रहेको छ ।

# अफगानिस्तानलाई दक्षिण अफ्रिकाविरूद्धको सिरिज

■ प्रभाव संवाददाता

**काठमाडौं–** अफगानिस्तानले जारी एकदिवसीय सिरिजमा दक्षिण अफ्रिकालाई लगातार दोस्रो खेलमा पराजित गरेको छ । गएराती सम्पन्न खेलमा अफगानिस्तानले दक्षिण अफ्रिकालाई १७७ रनको फाराकिलो अन्तरले पराजित गर्दै सिरिजमा २-० को जित हासिल गरेको हो ।

अफगानिस्तानले दिएको ३१२ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिकाले ३४.२ ओभरमा १३४ रन बनाउदा अल आउट भएपछि खेल अफगानिस्तानले १७७ रनले जितेको थियो ।

दक्षिण अफ्रिकाका लागि कप्तान टेम्बा बभुमाले सर्बाधिक ३८ रन बनाए भने टोनी डि जोर्जीले ३१ तथा एडेन मार्क्रमले २१ रन बनाएका थिए । दक्षिण अफ्रिकाको ब्याटिंग लाइन ध्वस्त गर्न अफगानिस्तानका राशिद खानले सर्बाधिक ५ विकेट लिएका थिए । राशिदले ५ ओभरमा एक मेडनसहित १९ रन दिएर ५ विकेट लिएका थिए । राशिद आफ्नो जन्मदिनको अवसरमा पाँच विकेट लिएका छन् । त्यस्तै अर्का बलर नान्गेयालिया खारोटेले ४ विकेट लिएका थिए । अब सिरिजको तेस्रो तथा अन्तिम खेल आइतबार हुने छ ।

**एभरेस्ट महिला भलिबल लिग**

# मधेस युनाइटेडमा छानिइन् मीना

■ प्रभाव संवाददाता

**काठमाडौं–** एभरेस्ट महिला भलिबल लिग (इडब्लुभिएल) का लागि मधेश युनाइटेडले ट्यालेन्ट हन्टबाट मीना चौधरीलाई छनोट गरेको छ । शुक्रबार वीरगंजको ज्ञानदा एकेडेमीमा भएको ट्यालेन्ट हन्ट कार्यक्रमबाट मधेश टिमका मुख्य प्रशिक्षक भरत यादव र टिम व्यवस्थापकहरूको टोलीले मीनालाई छनोट गरेको हो ।

एक दिन ट्यालेन्ट हन्ट कार्यक्रममा यसअघि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा नखेलेका प्रतिभावाना खेलाडीहरू उपस्थित थिए । तर टयालेन्ट हन्टबाट एक खेलाडी मात्र छनोट गर्ने कार्यक्रमहरू अनुसार मिना छनोट भएकी हुन् ।



विनिताले अब यही असोज १४ देखि १९ गतेसम्म काठमाडौंको त्रिपुरेश्वरस्थित कभर्डहलमा हुने पहिलो संस्करणको इडब्लुभिएलमा मधेश युनाइटेडको प्रतिनिधित्व गर्ने अवसर पाउनेछन् ।

ट्यालेन्ट हन्टबाट खेलाडी छनोट गरेपछि मधेश आफ्नो टिममा १२ खेलाडीको कोटा पूरा गर्ने पहिलो टिम समेत बनेको छ । आयोजकको नियम अनुसार हरेक टोलीमा कूल १२ खेलाडी हुनेछन् । जसमा मार्की खेलाडीसहित ८ खेलाडी ड्राफ्टमार्फत टिममा राखिएको थियो भने तीन विदेशी खेलाडी अनुबन्ध गर्न पाउने नियम छ ।

मधेशले विदेशी खेलाडीमा काजकिस्तानकी आउटसाइड हिटर कालिनोभा यभजेनिया, ट्युनिसियाकी मिडल ब्लकर योस्रो जेरामदिनी र भारतीय भलिबल टिमकी कप्तान तथा सेटर जिनी कोभातलाई अनुबन्ध गरिसकेको छ ।

यस्तै नेपाली राष्ट्रिय भलिबल टिमकी सदस्य निरुता ठगुन्ना मधेश युनाइटेडको मार्की प्लेअर छन् । ट्यालेन्ट हन्ट पछि आफ्नो टिमको कोटा पूरा भएको र टिम उत्कृष्ट बनेको मधेश युनाइटेडका मुख्य प्रशिक्षक भरत यादवले जनाएका छन् ।

**मधेश युनाइटेडको खेलाडी:**

निरुता ठगुन्ना, संगम महतो, शान्तिकला तामाङ, पुजा थारु, जसना महतो, हिरा केसी, एलिसा मानन्धर, आशिका क्षेत्री, कालिनोभा यभजेनिया, योस्रा जेरामदिनी, जिनी कोभात, मीना चौधरी (ट्यालेन्ट हन्ट)

# भ्याली भ्यु बन्यो बास्केटबल च्याम्पियन

**काठमाडौं (प्रस)–** कीर्तिपुर बास्केटबल एसोसिएसनले आयोजना गरेको ’चौथो होम एन्ड अवे बास्केटबल च्याम्पियनसिप’को उपाधि मध्य बानेश्वरस्थित भ्याली भ्यु स्कुलले जितेको छ ।

संविधान दिवस अवसर पारेर स्वर्णिम स्कुल डल्लुमा सम्पन्न प्रतियोगिताको फाइनल खेलमा भ्याली भ्यु स्कुलले पुष्पसदन बोर्डिङ स्कुललाई ७५-६५ को स्कोरले पराजित गर्दै उपाधि हासिल गरेको हो । भ्याली भ्यु स्कुलका खेलाडी गणेश बिष्टले फाइनल खेलमा एक्लैले ३९ स्कोर गर्दै ’म्यान




अफ द म्याच’को ट्रफी हात पार्न सफल भए। भ्याली भ्यु स्कुलका बास्केटबल कोच अजित महर्जन र इची महर्जनले स्कुलमा बास्केटबलको नियमित प्रशिक्षणको व्यवस्था भएका कारण राम्रा खेलाडी उत्पादन भइरहेको र च्याम्पियनसिपको उपाधिसमेत जित्न सकिएको प्रतिक्रिया दिएका छन् ।

च्याम्पियनसिपमा दोस्रो स्थान पुष्पसदन बोर्डिङ स्कुल र तेस्रो स्थान स्वर्णिम स्कुलले हात पारेका छन्। कीर्तिपुर बास्केटबल एसोसियसनले हरेक वर्ष विद्यालय स्तरको प्रतियोगिता आयोजना गर्दै आएको छ ।



श्रीलंकाको राष्ट्रपतीय निर्वाचनका क्रममा शनिबार कोलम्बोस्थित मतदान केन्द्रमा मतदान गर्न सहभागी मतदाता । *तस्बिरः एएफपी*

# दिल्लीकी नवनियुक्त मुख्यमन्त्री अतिशीले लिइन् शपथ



**नयाँदिल्ली–** आम आदमी पार्टी (आप) की नेतृ आतिशी मार्लेना सिंहले शनिबार राजनिवासमा आयोजित समारोहबीच दिल्लीको मुख्यमन्त्रीका रूपमा शपथ लिएकी छन् । आपका नेताहरू सौरभ भारद्वाज, गोपाल राय, कैलाश गहलोत, इमरान हुसेन र मुकेश अहलावतले पनि आतिशी नेतृत्वको दिल्ली सरकारमा मन्त्रीपरिषद्को सदस्यका रूपमा शपथ लिएका छन् ।

सुष्मा स्वराज र शीला दीक्षितको पाइला पछ्याउँदै ४३ वर्षीया आतिशी दिल्लीको तेस्रो महिला मुख्यमन्त्री बनेकी हुन् । आम आदमी पार्टीकी एक प्रमुख नेता आतिशीले पूर्वशिक्षामन्त्री मनिष सिसोदियाको सल्लाहकारको रूपमा रहँदा दिल्लीका सरकारी विद्यालयहरूमा शिक्षा सुधार गर्न महत्त्वपूर्ण भूमिका खेलेकी थिइन् । निवर्तमान मुख्यमन्त्री अरविन्द केजरीवालले पदबाट राजीनामा दिनुपरेकोमा दुःखी भएको तर आफूमाथि आप नेताले गरेको विश्वासबाट आफू खुसी भएको शपथपछि नेतृत्व परिवर्तनबारे बोल्दै आतिशीले बताएकी छन् ।

उनले केजरीवालले पदबाट राजीनामा दिएकोमा दुःखी भएको बताएकी छन् । सञ्चारमाध्यमसँग कुरा गर्दै उनले आगामी विधानसभा चुनावपछि केजरीवाललाई मुख्यमन्त्रीको रूपमा फिर्ता ल्याउन आफूले कडा मिहेनत गर्ने बताइन् । उनले भनिन्, 'सबैभन्दा पहिले म दिल्लीका लोकप्रिय मुख्यमन्त्री, आम आदमी पार्टीका राष्ट्रिय संयोजक र मेरा गुरु अरविन्द केजरीवाललाई धन्यवाद दिन चाहन्छु । उहाँले मलाई यति ठूलो जिम्मेवारी दिए र यसका लागि मलाई विश्वास गरे ।'

नवनियुक्त मुख्यमन्त्री आतिशीले भनिन्, 'यो नेता केजरीवालको नेतृत्व र आम आदमी पार्टीमा मात्र गर्न सकिन्छ । पहिलोपटक राजनीतिज्ञ भएको व्यक्ति राज्यको मुख्यमन्त्री बन्छ । म सामान्य परिवारबाट आएको हुँ । यदि म अन्य कुनै पार्टीमा भएको भए सायद मलाई चुनावको टिकटसमेत दिइने थिएन ।'

आम आदमी पार्टी (आप) का विधायक मुकेश अहलावतले भने, 'अरविन्द केजरीवाल र बाबा साहेबका कारण मजस्ता व्यक्ति मन्त्री बनेका हुन् । हाम्रो प्राथमिकता दलित र पिछडिएका समुदायका लागि काम गर्ने हुने छ । हामीले सम्भव भएसम्म दलित र पिछडिएका समुदायको हक र हितका लागि काम गर्नेछौं ।'

नेतृत्व परिवर्तन र दलको आगामी कार्यदिशाबारे आम आदमी पार्टीका नेता तथा दिल्लीका मन्त्री कैलाश गहलोतले भने, 'पार्टीको राष्ट्रिय संयोजकको रूपमा अरविन्द केजरीवालको मार्गदर्शन रहिरहने छ । हाम्रो एक मात्र लक्ष्य दिल्लीका जनताका लागि पहिलेजस्तै काम गरिरहनु र अरविन्द केजरीवाललाई फिर्ता ल्याउनु हो ।'

आतिशीले हाल दिल्ली विधानसभामा कालकाजी निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्छिन् र दिल्ली सरकारका धेरै जिम्मेवारी हेरिसकेकी छन् । उनी सन् २०२३ मा दिल्ली सरकारको मन्त्रिपरिषद्मा सामेल भएकी थिइन् । उनले नै आगामी विधानसभा चुनावको तयारीका लागि आम आदमी पार्टी (आप) को नेतृत्व गर्ने छिन् । *रासस/एएनआई*

राष्ट्रसंघले भन्यो-

# लेबनान उपकरण विष्फोट अन्तर्राष्ट्रिय कानुनको उल्लंघन

**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्र संघले शुक्रबार लेबनानमा हेजबुल्लाहले प्रयोग गर्ने सञ्चार उपकरणको विष्फोट युद्ध अपराध हुनसक्ने बताएको छ । इरान समर्थित हेजबुल्लाह समूहले प्रयोग गरेको सञ्चार उपकरणलाई लक्षित गरी मंगलबार र बुधबार भएको विष्फोटमा कम्तीमा ३७ जनाको मृत्यु भएको थियो भने करिब तीन हजार जना घाइते भएका थिए ।

'पेजर' र 'वाकी-टकी' विष्फोट हुँदा केही प्रयोगकर्ताहरू सुपरमार्केटमा किनमेल गरिरहेका थिए भने कोही सडकमा हिँडिरहेका थिए । लगातारको विष्फोटको लहरले देशमा आतंक निम्त्याएको थियो । 'अन्तर्राष्ट्रिय मानवीय कानुनले स्पष्टरूपमा बुबी-ट्र्याप उपकरणको प्रयोगलाई निषेध गर्दछ,' मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघका उच्चायुक्त भोल्कर टर्कले अल्जेरियाले अनुरोध गरेको लेबनानमा आपत्कालीन सत्रमा सुरक्षा परिषद्मा भने ।

'नागरिकहरूमा आतंक फैलाउने उद्देश्यले हिंसा गर्नु युद्ध अपराध हो,' उनले 'स्वतन्त्र र पारदर्शी' अनुसन्धानका लागि आफ्नो आह्वान दोहोर्‍याउँदै भने । लेबनानी अधिकारीले आक्रमणका लागि इजरायललाई दोष दिएका छन् र लक्षित सञ्चार उपकरणहरूमा देशमा प्रवेश गर्नुअघि बुबी-ट्र्याप जडान गरिएको बताएका छन् ।

हेजबुल्लाहले इजरायलसँग प्रतिशोध लिने वाचा गरेको छ र विष्फोटको आफ्नै आन्तरिक अनुसन्धान सुरु गरेको छ । सुरक्षा परिषद्मा बोल्दै लेबनानका शीर्ष कूटनीतिज्ञ अब्दल्लाह बोउ हबीबले आक्रमणलाई युद्धको अभूतपूर्व तरिकाको रूपमा व्याख्या गरेका छन् । 'इजरायलले यस आतंकवादी आक्रमणको माध्यमबाट अन्तर्राष्ट्रिय मानवीय कानुनको आधारभूत सिद्धान्तको उल्लंघन गरेको छ,' उनले बताए । इजरायलले भने उपकरण विष्फोटबारे कुनै टिप्पणी गरेको छैन ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ता स्टेफन डुजारिकले शुक्रबार बेरुतमा इजरायली आक्रमणपछि लेबनान-इजरायल सीमामा बढेको तनावबारे राष्ट्रसंघ चिन्तित रहेको बताए । उनले सबै पक्षलाई अधिकतम संयमता अपनाउन आह्वान गरेका छन् । *रासस/एएफपी*

# श्रीलंकामा आर्थिक मन्दीपछि पहिलोपटक मतदान

**कोलम्बो–** श्रीलंकामा आर्थिक संकटपछि शनिबार पहिलोपटक निर्वाचन सम्पन्न भएको छ । नयाँ राष्ट्रपति चयनका मतदान भएको हो । राष्ट्रपति रनिल विक्रमासिंघेले अर्थतन्त्रलाई स्थिर बनाउन र महिनौंसम्मको खाद्यान्न, इन्धन र औषधिको अभावको अन्त्य गर्ने श्रेय दाबी गर्दै नयाँ जनादेशका लागि निर्वाचनको घोषणा गरेका थिए । सन् २०२२ मा मन्दीका कारण आक्रान्त बनेका नागरिकले तत्कालीन निर्वाचित राष्ट्रपतिविरूद्ध आन्दोलित भएपछि देश छोडेर भागेका थिए थिए भने विक्रमासिंघेले संकटका समयमा देशलाई नेतृत्व गरेर थलिएको अर्थतन्त्रलाई सम्हाल्दै झण्डै संकटग्रस्त हुनु पहिलेको अवस्थामा पुर्‍याएका छन् ।

विक्रमासिंघेको कर वृद्धि गर्ने र राज्यले नागरिकका लागि दिएका अन्य सुविधाहरूलाई कसिलो पार्दै दातृ निकाय र यसमा पनि खासगरी आइएमएफको बेलआउटको सर्तहरू पूरा गर्दा नागरिकहरू उनीसँग खुसी छन् वा छैनन् यो निर्वाचनले निर्णय दिने छ । उनी संकटका समय नेतृत्व गरेको र देशलाई थप बर्बादीतिर जानबाट रोक्न सकेकोले आफू विजयी हुनेमा आशावादी छन् ।

चुनावमा विक्रमसिंघेले अनुरा कुमार दिसानायका लगायतका शक्तिशाली सीमान्त मार्क्सवादी पार्टीका नेतासँग कसिलो प्रतिस्पर्धा गर्नुपर्ने आकलन गरिएको छ । विज्ञहरूका अनुसार श्रीलंकाको अर्थतन्त्र अझै पनि कमजोर छ । यहाँको ४६ अर्ब विदेशी ऋणको भुक्तानीको समय सन् २०२२ पछि सरकारी प्रतिबद्धता अनुसार फेरि आएको छ ।

विक्रमासिंघेले निर्वाचित भएमा आफ्नो तपस्याबाट आएको कार्यक्रमलाई अगाडि बढाउने र आइएमएफसँगको सहकार्यमा कुनै विचलनतिर जान नदिने बताएका छन् । 'निर्वाचन धेरै हदसम्म विक्रमासिंघेको सरकारले कसरी आर्थिक संकट र आगामी सुधारलाई ह्यान्डल गरेको छ भन्नेमा जनमत संग्रह हुने छ,' अन्तर्राष्ट्रिय संकट समूहले यस हप्ताको एक रिपोर्टमा भनिएको छ । चुनावमा जम्मा ३९ जना उम्मेदवारले प्रतिस्पर्धा गरिरहेका छन् । मतदानको नतिजा आज (आइतबार) आउने अपेक्षा गरिएको छ । रासस/एएफपी

# पाकिस्तानको रावलपिण्डीमा डेंगुको प्रकोप

**रावलपिण्डी–** रावलपिण्डीमा डेंगुको संक्रमण बढ्दै गएको छ । विशेषगरी पोटोहार नगरको चक जलाल डिनलाई सबैभन्दा बढी प्रभावित क्षेत्रहरूमध्ये एक रहेको अधिकारीहरूले जनाएका छन् ।

संक्रमणको डरलाग्दो वृद्धिपछि स्वास्थ्य अधिकारीले चक जलाल डिनमा एउटा मोबाइल स्वास्थ्य एकाइ स्थापना गरी भाइरसको फैलावट नियन्त्रण गर्न आकस्मिक सेवा सुरू गरेका छन् । गएको २४ घण्टामा ४४ जनामा डेंगुको संक्रमण पुष्टि भएको छ भने यस क्षेत्रमा मात्र २२६ जनामा डेंगुको संक्रमण पुष्टि भएको एक्सप्रेस ट्रिब्युनले जनाएको छ ।

जिल्ला स्वास्थ्य प्राधिकरणले डेंगुविरुद्ध अभियान चलाए पनि डेंगु सार्ने लामखुट्टेको संक्रमण फैलिन नदिन गरिएका प्रयासहरू अपर्याप्त देखिन्छन् । जिल्लाभर डेंगुका संक्रमितको संख्या ५४३ पुगेको छ भने डेंगु संक्रमितको संख्या ९६ पुगेको छ । पोटोहार सहरमा पछिल्लो २० घण्टामा २५ जना नयाँ संक्रमित थपिएका छन् ।

यस क्षेत्रमा अन्य स्वास्थ्य समस्याहरू पनि चिन्ताको विषय बनेका छन् । यो क्षेत्रमा वर्षा ऋतुमा कंगो ज्वरोका दुई र औलोका ६५१ घटनाहरू रेकर्ड गरिएको छ भने जिल्लामा अहिलेसम्म मंकीपक्सको कुनै रिपोर्ट नआएको एक्सप्रेस ट्रिब्युनले अधिकारीहरूलाई उद्धृत गरी समाचारमा उल्लेख गरेको छ । जिल्ला स्वास्थ्य प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत आसिफ अरबाब नियाजीले सरकारले संक्रमण रोक्न पहल गरिरहेको तर नागरिक सतर्क रहन आवश्यक रहेको बताएका छन् ।

'सर्वसाधारणले अक्टोबर १५ सम्म सावधानी अपनाउनुपर्छ,' उनले भने । संक्रमण फैलिन नदिनका लागि पानी जम्न नदिन, साँझपख झ्याल ढोका बन्द गर्न, लामो बाहुला भएको लुगा लगाउन र लामखुट्टेबाट टाढा रहनेजस्ता सावधानीलाई नियमित रूपमा अपनाउनुपर्नेमा उनले जोड दिए । *रासस/एएफपी*

# अमेरिकी राष्ट्रपति र अस्ट्रेलियाका प्रधानमन्त्रीबीच भेटवार्ता



**वासिङ्टन डिसी–** अमेरिकी राष्ट्रपति जो बाइडेनले सेप्टेम्बर २० मा डेलावेयरको विल्मिङ्टनमा अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बेनिजसँग भेट गरेका छन् । भेटवार्ताका क्रममा दुवै पक्षले साझेदारीका लागि एकअर्कालाई धन्यवाद दिँदै द्विपक्षीय सम्बन्धबारे समीक्षा गरे । नेताहरूले अमेरिका-अस्ट्रेलिया गठबन्धन द्विपक्षीय सम्बन्धको मूल रहेको कुरामा जोड दिँदै यसका तीन स्तम्भहरूः रक्षा र सुरक्षा, आर्थिक र जलवायु र स्वच्छ ऊर्जा क्षेत्रमा भएको प्रगतीबारे छलफल गरे । दुवै नेताले दुई देशबीचको बलियो आर्थिक सम्बन्धलाई प्रतिबिम्बित गरे र जलवायु परिवर्तन र स्वच्छ ऊर्जा संक्रमणलगायत नयाँ चुनौतीको सामना गर्न गठबन्धनलाई आधुनिकीकरण गर्न विगत दुई वर्षमा भएको प्रगतिबारे छलफल गरे ।

उनीहरूले महत्त्वपूर्ण खनिज आपूर्ति शृंखला निर्माणका लागि सहयोग विस्तार गर्ने र जापानको हिरोशिमामा मे २०२३ मा हस्ताक्षर गरिएको 'कम्प्याक्ट' अनुसार स्वच्छ ऊर्जामा संक्रमणलाई गति दिने प्रतिबद्धता पनि दोहोर्‍याएका छन् ।

दुई नेताहरूले ताइवान स्ट्रेटमा शान्ति र स्थिरता कायम गर्न आफ्नो समर्थन, रुसको क्रूर आक्रमणविरुद्ध युक्रेनको रक्षा गर्न निरन्तर सहयोग र गाजाका जनतालाई दिगो युद्धविराम र मानवीय सहायता बढाउनका लागि आफ्नो समर्थनबारे पनि छलफल गरेका छन् । साथै, दुई देशका वरिष्ठ नेताहरूले स्वतन्त्र र खुला इन्डो-प्यासिफिकका लागि आफ्नो साझा दृष्टिकोणलाई अगाडि बढाउन द्विपक्षीय साझेदारीलाई गहिरो बनाउने प्रतिबद्धता व्यक्त गरे । यसैबीच, अल्बनिजले बाइडेनसँग तस्बिर सार्वजनिक गर्दै अस्ट्रेलिया र अमेरिका शान्ति, समृद्धि र स्थिरताका लागि एकसाथ उभिएको बताएका छन् । *रासस/एएनआई*

# इजरायली आक्रमणमा शीर्ष हेजबुल्लाह कमान्डर मारिए

**बेरुत (लेबनान)–** लेबनानको बेरुत गढमा शुक्रबार भएको आक्रमणमा १४ जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएका छन् । उक्त आक्रमणमा हेजबुल्लाहको एलिट युनिटका कमान्डरकोसमेत मृत्यु भएको इजरायलले जनाएको छ । सन् १९८३ मा बेरुतस्थित अमेरिकी दूतावासमा भएको विष्फोटमा संलग्न भएको आरोपमा अमेरिकाले खोजिरहेका इब्राहिम अकिलले इरान समर्थित उग्रवादी समूहको नेतृत्व गरिरहेका थिए । हेज्बुल्लाहले शुक्रबार राति अकिल इजरायली आक्रमणबाट मारिएको पुष्टि गर्दै एक महान नेताको रूपमा प्रशंसा गरेको छ ।

एएफपिटिभी फुटेजले उद्धारकर्मीहरू आक्रमणको केही समयपछि विभिन्न उपकरणको साथ खोजी कार्यमा तल्लीन रहेको देखाएको थियो । गाजामा युद्ध सुरु भएदेखि हेज्बुल्लाहका वरिष्ठ कमाण्डरको हत्या भएको यो दोस्रो घटना हो । गत जुलाईमा भएको आक्रमणमा शीर्ष अपरेसन प्रमुख फुआद शुक्रको ज्यान गएको थियो ।

राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ता स्टेफन डुजारिकले यस घटनालगायत बढ्दो तनावका बारेमा चिन्ता व्यक्त गर्दै सम्बन्धित सबै पक्षलाई अधिकतम संयमता अपनाउन आह्वान गरेका छन् । इजरायली सेनाले अकिल लक्षित गरी आक्रमण गरेको जनाएको छ, जसमा अन्य १० जना वरिष्ठ कमान्डरहरूकोसमेत मृत्यु भएको छ । हेज्बुल्लाहको नजिकको एक स्रोतका अनुसार अकिल घटनाको क्रममा कमान्डरहरूसँगको बैठकमा थिए ।

लेबनानको स्वास्थ्य मन्त्रालयले आक्रमणमा कम्तीमा १४ जनाको मृत्यु हुनुका साथै अन्य ६६ जना घाइते भएको जनाउदै मृतकको संख्या बढ्नसक्ने उल्लेख गरेको छ । दूतावासमा विष्फोटको नाइकेका रूपमा वर्णन गर्दै अमेरिकाले अकिलको बारेमा जानकारी दिनेलाई सात मिलियन डलर पुरस्कारको प्रस्ताव गरेको थियो । *रासस/एएफपी*

# सयभन्दा बढी युक्रेनी ड्रोन खसालेको रूसको दाबी

**मस्को–** रूसी क्षेत्रमा रातारात आक्रमण गरिएका १०१ युक्रेनी ड्रोन खसालेको रुसी रक्षा मन्त्रालयले शनिबार जनाएको छ । घटनामा कुनै पनि हताहत नभएको रिपोर्ट गरिएको छ । 'डच्युटीमा' रहेका हवाई रक्षा प्रणालीहरूले युक्रेनी फिक्स-विङ युएभी ड्रोनहरूहरू नष्ट गरी खसालेको रूसको रक्षा मन्त्रालयले टेलिग्राममार्फत जनाएको हो । मन्त्रालयका अनुसार ब्रायन्स्क क्षेत्रमा ५३ वटा ड्रोन खसालिएको थियो भने 'ब्लाक सी' प्रायद्वीपमाथि १८ वटा र बाँकी अन्य क्षेत्रमा खसालिएको थियो ।

क्रास्नोडारका गभर्नर भेनियामिन कोन्ड्रात्येभले ड्रोनबाट खसेको भग्नावशेषले टिखोरेट्स्की जिल्लामा आगलागीसमेत भएको बताएका छन् । प्रभावित क्षेत्रका बासिन्दाहरूलाई सुरक्षाका लागि बाहिर निकालिएको भएता पनि कुनै हताहत नभएको उनले बताएका छन् । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५७१०० | प्रति तोला - ० | प्रति तोला - १९१५ |



**निगालोका सामाग्री** | बैतडीको देहिमाडाँबजारमा बिक्रीका लागि राखिएका स्थानीयस्तरमा उत्पादित निगालोबाट बनेका सामग्री ।

*तस्बिरः विनोदसिंह विष्ट/रासस*

# तनहुँमा मुआब्जा वितरण प्रक्रिया सुरु

■ प्रभाव संवाददाता

**दमौली (तनहुँ)–** मिलेनियम च्यालेञ्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए नेपाल)मार्फत निर्माण हुन लागेको सवस्टेशनअन्तर्गत विद्युत् प्रसारण लाइनको टावर निर्माणका लागि आवश्यकपर्ने तनहुँका विभिन्न ठाउँको जग्गाको मुआब्जा वितरण प्रक्रिया सुरु गरिएको छ ।

एमसिए नेपालद्वारा सञ्चालित ४०० केभी विद्युत् प्रसारण आयोजनाअन्तर्गत रातमाटे सवस्टेसनदेखि दमौली सवस्टेशन हुँदै नयाँ बुटवल सबस्टेन खण्डअन्तर्गत विद्युत् प्रसारण लाइनको टावर निर्माणका लागि आवश्यकपर्ने जग्गाको मुआब्जा वितरण प्रक्रिया सुरु गरिएको हो ।

जिल्ला प्रशासन कार्यालयले असोज १ गते सूचना प्रकाशितगरी मुआब्जा प्राप्त गर्ने जग्गाधनीहरूले हकदैया भोगचलनसम्बन्धी प्रमाणसहित सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र प्रशासन कार्यालय वा एमसिए नेपालको तनहुँ जिल्लास्थित सम्पर्क कार्यालय वा आयोजनाको सार्वजनिक सूचना केन्द्रमा निवेदन दिन आग्रह गरेको छ ।

सूचनामा चित्त नबुझ्ने व्यक्तिले जग्गा प्राप्ति ऐन, २०३४ को दफा १८ को उपदफा (२) बमोजिम १५ दिनभित्र गृहमन्त्रालयमा उजुरी गर्नसक्ने सहायक प्रमुख जिल्ला अधिकारी कमलराज भण्डारीले जानकारी दिए । प्रशासन कार्यालयमा मूल्य निर्धारण समितिको गत बुधबार बसेको बैठकले प्रसारण लाइनअन्तर्गत टावरहरू रहने जग्गाको अन्तिम मूल्य निर्धारण गरेको थियो । प्रभावित क्षेत्रका स्थानीय तहका प्रमुखहरूको उपस्थितिमा बसेको बैठकले तनहुँ जिल्लाभित्र निर्माण हुने सबै टावर रहने जग्गाको उचित मूल्य निर्धारण गरेको सहायक प्रजिअ भण्डारीले बताए । जिल्लास्थित आबुँखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिका, व्यास नगरपालिका, ऋषिङ गाउँपालिका र घिरिङ गाउँपालिकाअन्तर्गत करिब एक सय ९९ वटा टावर निर्माण हुनेछन् । तीमध्ये कतिपय टावर सरकारी जग्गामा पर्ने र कतिपय विवादित जग्गामा पर्ने हुँदा ती टावरलाई छोडेर बाँकी रहेको टावर रहने जग्गाको मूल्य निर्धारण गरिएको सहायक प्रजिअ भण्डारीको भनाइ छ ।



मूल्य निर्धारण समितिले जग्गाको मूल्य निर्धारण गर्नुअघि स्थलगत रूपमा जग्गाको निरीक्षण गरेको र धेरैपटक छलफल गरिएको जनाएको छ । जग्गाको वर्गीकरणअनुसार मुआब्जा निर्धारण गरिएको भन्दै सहायक प्रजिअ भण्डारीले मालपोत कार्यालयले तोकेको मूल्यांकन, सम्बन्धित वडा कार्यालयको चलन चल्तीको मूल्य, बैंक तथा वित्तीय संस्थाले तोकेको मूल्य, बाटोको दूरी तथा जङ्गल क्षेत्रको आधारमा जग्गाको मूल्यांकन गरिएको बताए ।

मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी) नेपाल कम्प्याक्टअन्तर्गत निर्माण हुने रातमाटे, न्यू दमौली, लेखनाथ र न्यू बुटवल सवस्टेशनमा विद्युत् प्रवाहका लागि विद्युत् प्रसारण आयोजनाअन्तर्गत काठमाडौंको लप्सीफेदीदेखि नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)स्थित नेपाल-भारत सीमानासम्म तीन सय १५ किलोमिटर प्रसारण लाइन निर्माण गर्न लगानी हुनेछ । उक्त प्रसारण लाइनअन्तर्गत तनहुँका पाँच वटा पालिकामा एक सय ९९ वटा टावर रहनेछ ।

एमसिए नेपालले ४०० केभी न्यू दमौली सबस्टेसन निर्माणका गत साउन १६ गते ठेक्का सम्झौता गरिसकेको छ । न्यू दमौली सबस्टेसनले रातामाटे, लेखनाथ र न्यू बुटवल सबस्टेसनसँग विद्युत् प्रवाहका लागि महत्वपूर्ण बिन्दुका रूपमा काम गर्नेछ ।

# तल्लो सेतीको इआइएको सुझाव विभाग र एडिबीमा

■ प्रभाव संवाददाता

**दमौली (तनहुँ)–** तनहुँमा निर्माण हुन लागेको १२६ मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) उपर प्राप्त भएका सुझाव विद्युत् विकास विभाग र एसियाली विकास बैंकमा बुझाइएको छ ।

तनहुँ हाइड्रोपावर लिमिटेडले निर्माण गर्न लागेको तल्लो सेती जलविद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन उपर प्राप्त भएका सुझाव समेटेर तयार गरिएको अद्यावधिक प्रतिवेदन विद्युत् विकास विभाग र एसियाली विकास बैंकमा बुझाइएको हो ।

आयोजनाको विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) को एक प्रक्रियाका रूपमा ग्रिड आबद्धताका लागि आयोजनाबाट उत्पादन हुने ऊर्जाको टुङ्गो लागिसकेको तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठले जानकारी दिए । आयोजनाबाट उत्पादन हुने ५२ करोड युनिट (५२४ गिगावाट घण्टा) वार्षिक ऊर्जा नेपाल विद्युत् प्राधिकरणले खरिद गर्ने सहमति भएको उनले उल्लेख गरे । 'आयोजनाबाट उत्पादन हुने विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गर्न ग्रिड आबद्धता सम्झौताका लागि नेपाल विद्युत् प्राधिकरणमा प्रस्ताव पेस गरिएको छ', श्रेष्ठले भने ।

तल्लो सेती जलविद्युत् आयोजनाको ३७५ मिटर लामो अनुसन्धनात्मक अडिट सुरुङ निर्माणका लागि गत फागुनमा आरके इन्जिनियरिङ एन्ड एसोसिएटससँग सम्झौता भएको थियो । सो बमोजिम निर्माण व्यवसायीले अहिले पहुँच मार्ग, अडिट सुरुङलगायत इन्जिनियरिङ सर्भे जारी राखेको श्रेष्ठको भनाइ छ । 'आयोजनाका लागि भौगर्भिक अवस्था परीक्षणका लागि अनुसन्धनात्मक 'अडिट' सुरुङ निर्माण गर्न लागिएको छ ।

आयोजना सुरु गर्नुपूर्व विभिन्न चरणका परीक्षण हुन्छन् । तल्लो सेतीको मुख्य पानी लैजाने हेडरेस टनेल छ दशमलव सात किलोमिटरको रहनेछ । त्यसका लागि परीक्षण गर्न अडिट सुरुङ बनाउन लागिएको हो । यो उक्त सुरुङ पछि अन्य कामका लागि प्रयोगमा आउने छ । डेढ वर्षभित्र सुरुङ निर्माण गरिसक्ने अवधि रहेको छ', उनले अगाडि भने ।

तनहुँ जलविद्युत् आयोजनाको १४० मिटर अग्लो कङ्क्रिट बाँधबाट प्राप्त हुने सेती नदीको रेगुलेटेड प्रवाह तथा मादी नदीको थप प्रवाहसमेत प्रयोग गर्न तल्लो तटीय क्षेत्रमा तल्लो सेती जलविद्युत् आयोजना निर्माण गर्न लागिएको हो । तल्लो सेती जलविद्युत् आयोजनामा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) र एसियाली विकास बैंक (एडिबी) ले लगानीका लागि चासो दिएको छ । आयोजनाको लागत रु २५ अर्ब अनुमान गरिएको छ ।

आयोजनाअन्तर्गत बन्दीपुर गाउँपालिका-६ र देवघाट गाउँपालिका-३ साराङघाट नजिकै रहेको सेती नदीमा ३२ मिटर अग्लो बाँध निर्माण गरिनेछ । पानीको प्रवाहलाई देवघाट गाउँपालिका-३ र ४ हुँदै छ दशमलव आठ किमी लामो सुरुङमार्फत सेती नदीको सङ्गमदेखि करिब ५०० मिटर तल्लो तटीय क्षेत्रमा पर्ने देवघाटस्थित कालीगण्डकी नदीको दायाँ किनारमा बन्ने अर्धभूमिगत विद्युत्गृहमा खसाली विद्युत् उत्पादन गर्ने योजना बनाइएको छ ।

आयोजनाबाट बन्दीपुर गाउँपालिका-६, व्यास नगरपालिका-१३ र १४, देवघाट गाउँपालिका-२, ३ र ४, ऋषिङ गाउँपालिका-१ र ३, आँबुखैरेनी गाउँपालिका-५ र ६, भरतपुर महानगरपालिका-२९ का केही भाग प्रभावित हुनेछ । देवघाट गाउँपालिका-४ गाईघाटमा अर्धभूमिगत विद्युत्गृहको निर्माण गरी विद्युत् उत्पादन गरिनेछ । उत्पादित विद्युत्लाई तनहुँ जलविद्युत् आयोजनाले निर्माण गरेको २२० केभी दमौली-नयाँ भरतपुर प्रसारण लाइनमा जोडी राष्ट्रिय विद्युत् प्रणालीमा समाहित गरिनेछ । यसका लागि करिब दुई किमी प्रसारण लाइन निर्माण गर्नुपर्छ । अर्धजलाशययुक्त तल्लो सेती आयोजनाको करिब १२ किमी लामो जलाशय माथिल्लो तटीय क्षेत्र अर्थात् बाँधस्थलबाट सुँडेगाउँसम्म विस्तार हुनेछ ।

# विद्युत् आपूर्ति समस्या समाधानमा जोड

■ प्रभाव संवाददाता

**जनकपुर–** जनकपुरधाम उपमहानगरपालिकामा केही दिनयतादेखि जनकपुरधाममा देखिएको विद्युत् आपूर्तिको समस्या तत्काल समाधान गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

प्रमुख मनोजकुमार साहले अत्यधिक गर्मीको प्रकोपको बेला घण्टौंसम्म विद्युत् सेवा अवरुद्ध हुनु दुर्भाग्यपूर्ण रहेको बताउँदै ट्रान्सफरमर बिग्रेको बहानामा उपभोक्तालाई दुःख दिन नपाइने बताए । प्रत्येक वर्ष आयोजना हुने माँ राजदेवी, बौधीमाता तथा अन्नपूर्ण माताको पूजा व्यवस्थापनबारे जनकपुरधाममा सम्पन्न सर्वपक्षीय बैठकमा प्रमुख साहले एउटा होइन दुईटा ट्रान्सफर जडान गर्नु परे गरेर विद्युत्को समस्या समाधान गर्नुपर्ने धारणा राखे ।

यता ढल्केबर जनकपुरधाम मेनलाइनको ट्रान्सफर बिग्रेको भन्दै आज महिनादिन अघिदेखि नै नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र जनकपुरधामले चरम लापरबाही गर्दै आएको बताउँदै उनले समस्याको समाधान चाडपर्व अघि नै गर्न आग्रह गरे । उक्त बैठकमा जनकपुरधाम उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष सुरेन्द्र भण्डारीले विद्युत्को अनियमितता र पटकपटक लाइन काटिनुले उद्योगी व्यवसायीमा आक्रोश बढ्दै गएको समस्या भोलिका दिनमा प्राधिकरणकै लागि ठूलो समस्या बन्ने बताए ।

बैठकमा मेलामा देखिने गरेको पकेटमारी तथा चोरीको समस्यालाई निराकरण गर्नका लागि सादा पोसाकमा व्यापक प्रहरी परिचालन गरिने र स्वयंसेवकको सहकार्यमा सुरक्षा निकायले इमान्दारीपूर्वक काम गर्ने प्रतिबद्धता जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमख भुवनेश्वर तिवारीले व्यक्त गरे ।

उक्त बैठकमा भारी संख्यामा बोकाबली चढाउने र सप्तमीको दिन श्रद्धालुभक्तजनको भीडलाई व्यवस्थित पार्नका लागि विभिन्न उपसमिति निर्माण गरी काम गर्न सबै पक्षले सहकार्य गर्ने निर्णय गरिएको छ । मेलाको आयोजना गर्दै आएका राम युवा कमिटी तथा महावीर युवा कमिटीको संयुक्त तत्वाधानमा सम्पन्न बैठकमा जउनपाका पूर्वप्रमुख लालकिशोर साह, सशस्त्र प्रहरी धनुषाका प्रहरी नायव उपरीक्षक सुमन बोगटी, राम तथा महावीर युवा कमिटीका निवर्तमान एवं भूपु पदाधिकारीसहितका सरोकारवालाको उल्लेख्य सहभागिता रहेको थियो ।

# रुपन्देहीमा उद्योग खोल्नेभन्दा बन्द गर्ने धेरै

■ प्रभाव संवाददाता

**भैरहवा (रूपन्देही)–** रूपन्देहीमा उद्योग बन्द गराउनेको संख्या बढ्दै गएको छ । यहाँ दुई महिनामा एक सय आठ उद्योग बन्द भएका छन् । यहाँ आर्थिक वर्ष २०७९/८० मा ८४ वटा उत्पादनमूलक, ६३ वटा सेवामूलक, ५१ वटा पर्यटन र १९ वटा कृषि तथा वनजन्य गरी दुई सय १७ वटा उद्योग बन्द भएको घरेलु तथा साना उद्योग कार्यालयले जनाएको छ । सोही आवमा कृषि तथा वनजन्य ४१९, उत्पादनमूलक २८१, सेवामूलक २४४ र पर्यटन उद्योग १८६ वटा गरी एक हजार १३० वटा उद्योग दर्ता भएको थिए ।

कार्यालय प्रमुख लोककुमार कार्कीका अनुसार आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा उद्योग दर्ताको संख्या घटेको र उद्योग बन्द गर्नेको संख्या बढेको छ । आव २०७९/८० मा एक हजार १३० वटा उद्योग दर्ता भएकामा गत आवमा ८३७ वटा उद्योग मात्रै दर्ता भए । जबकि आव २०७९/८० मा २ १७ उद्योग बन्द भएकामा आव २०८०/८१ मा ३५४ वटा उद्योग बन्द भएका छन् ।

उद्योग बन्द हुने क्रम भने अहिले पनि रोकिएको छैन । चालु आवको दुई महिनामै १०८ वटा उद्योग बन्द भएका छन् । साउनमा ९१ उद्योग दर्ता हुँदा ४१ बन्द भएका र भदौमा १७३ उद्योग दर्ता हुँदा ६७ वटा बन्द भएका घरेलु तथा साना उद्योग कार्यालय प्रमुख कार्कीले बताउनुभयो । 'रूपन्देहीमा उद्योग बन्द गराउने मात्र हैन नयाँ दर्ता पनि घट्दै जानुले पनि आर्थिक मन्दीको प्रभाव मान्न सकिन्छ', उनले भने, 'अर्को कारण अहिले सरकारले पाँच लाखभन्दा मुनिका उद्योगलाई गाउँपालिकामै दर्ताको व्यवस्था गरेकाले पनि दर्ता संख्या घटेको हुन सक्छ', उनले भने ।

आर्थिक मन्दीको सबैभन्दा बढी असर उत्पादनमूलक उद्योगमा परेको उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुर कुमार श्रेष्ठ बताउँछन् । 'रूपन्देही औद्योगिक केन्द्रका रूपमा रहेको छ तर पछिल्लो समय ठूला-ठूला उद्योगमध्ये कतिपय बन्द भइसके, सञ्चालनमा रहेकामध्ये ३० देखि ४० प्रतिशत मात्र उत्पादन गर्ने अवस्थामा रहेका छन् । यहाँ उत्पादित वस्तुहरूका उपभोक्ताको संख्यामै कमी आएको छ । अधिकांश उपभोक्ता विदेसिएका कारण पनि उद्योगहरू मारमा परेका छन् ।'

यहाँ करिब १० वटा सिमेन्ट उद्योगमध्ये आधा बन्द भइसकेका छन् भने व्यवसाय र अन्य निर्माणजन्य उद्योगहरूको अवस्था पनि उस्तै छ । उद्योगी-व्यवसायीका समस्या समाधानका लागि सरकारले प्रवर्द्धनात्मक तथा सहुलियतका कार्यक्रम अगाडि बढाउनुपर्ने धेरैको माग छ ।

# चिया निर्यात ५२ प्रतिशतले बढ्यो

**भद्रपुर (प्रस)–** मेची भन्सार कार्यालयबाट चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो दुई महिनामा चियाको निर्यात ५२ प्रतिशतले बढेको छ । कार्यालयको तथ्यांकअनुसार चालु आवका साउन र भदौमा चार हजार ४१२ मेट्रिक टन चिया निर्यात भएको छ ।

जुन गत आवको सोही अवधिको तुलनामा ५२ प्रतिशतले बढी हो । गत आवको पहिलो दुई महिनामा नेपालबाट दुई हजार ९०२ मेट्रिक टन चिया निर्यात भएको थियो । प्राप्त तथ्याङ्कअनुसार चिया निर्यातको परिणामसँगै यसको मूल्य पनि बढेको छ । चालु आव २०८१/८२ को दुई महिनामा रु एक अर्ब १३ करोड ३४ लाख १७ हजार बराबरको निर्यात भएको छ । जुन गत आव २०८०/८१ को सोही अवधिको तुलनामा ६२ प्रतिशतले बढी हो । गत आवमा सो अवधिमा रु ६९ करोड ९३ लाख ६४ हजार बराबरको चिया निर्यात गरिएको थियो ।

दक्षिण भारतमा चिया उत्पादनमा कमी आएसँगै नेपालबाट चियाको निर्यात बढेको नेपाल चिया उत्पादक सङ्घका अध्यक्ष आदित्य पराजुलीले बताए । भारतबाट अझै माग बढेकाले चियाको निर्यात यो वर्ष थप बढ्ने उनको दाबी छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ